जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने



मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

हार्दिक शुभकामना

मिथिलाको शितलताको पवित्र त्यौहार जुडशितलको सुखद अवसरमा सम्पूर्ण पाठक, श्रोता, दर्शक, विज्ञापनदाता, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।



रेडियो टुडे ९१ मेगाहर्ज | टीभी टुडे जनकपुर राष्ट्रिय च्यानल | जनकपुर टुडे राष्ट्रिय दैनिक
परिवार, जनकपुरधाम

वर्ष २६ •अंक ३१८ • २०८२ साल बैशाख २ गते मंगलबार (15 April, Tuesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

# शिक्षक आन्दोलन झन् कडा, कक्षा १२ को परीक्षा बहिष्कार

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले शिक्षकहरुको माग पूरा गर्न आलटाल गरेसँगै नेपाल शिक्षक महासंघले जारी आन्दोलनलाई झन् कडा बनाउने निर्णय गरेको छ ।

चैत २५ गतेदेखि अनिश्चितकालीन शैक्षिक हड्ताल गर्दै काठमाण्डु केन्द्रित धर्ना प्रदर्शन गरिरहेको शिक्षक महासंघले आन्दोलनलाई कडा बनाउँदै कक्षा १२ को परीक्षा समेत बहिष्कार गर्ने घोषणा गरेको छ । वैशाख ११ गतेदेखि कक्षा १२ को परीक्षा हुने तालिका माध्यमिक परीक्षा बोर्डले सार्वजनिक गरिसकेको छ ।

शिक्षक हड्तालको कारण गत महिनाको पहिलो हप्ता सम्पन्न भएको एसईई परीक्षाको उत्तरपुस्तिका जाँच्ने कार्य समेत रोकिएको छ । वैशाखको पहिलो हप्तामा शिक्षकहरुको आन्दोलन नटुंगिए चालु शैक्षिक वर्षको कैलेण्डर प्रभावित हुने बताइन्छ ।




नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले आन्दोलन अवधिभर कुनै प्रकारका शैक्षिक कार्यक्रममा सहभागी नहुने बताएका छन् । 'ऐन जारी नभएसम्म सडकमै रहने र त्यसका लागि महिना वा वर्ष दिन कुर्नुपरे पनि कुर्ने छौँ' उनले भने, ऐन जारी नभएसम्म काठमाण्डुका सडक छाड्ने छैनौं । आफूहरूलाई घर पठाउने जिम्मा पनि सरकारकै हातमा रहेको सुवेदीले बताए ।

महासंघले जिल्ला तथा घरमा रहेका शिक्षक कर्मचारीलाई काठमाण्डुमा आउन सर्कुलर जारी गरेको छ । महासंघका नेताहरूले आन्दोलनमा सहभागी नहुने, विद्यालय सञ्चालन गर्ने, अन्य क्रियाकलापमा सहभागी हुने शिक्षक तथा कर्मचारीहरूमाथि निगरानी भइरहेको जनाएका छन् । माग पूरा नहुँदासम्म आन्दोलनको मोर्चाबाट भाग्ने सुविधा नरहेको उनले बताए ।

राजधानी केन्द्रित आन्दोलन १३ दिनदेखि जारी छ । सरकारसित भएको वार्तामा सहमति हुन नसकेपछि महासंघले आन्दोलनलाई झन चर्काउने तयारी गरेको छ । सरकारले आन्दोलनकारी शिक्षकहरुलाई आगामी आर्थिक वर्षमा थप बजेट उपलब्ध गराउने र ऐन संशोधन पनि गर्ने प्रतिवद्धता जनाएको छ । तर शिक्षकहरुले विगतमा भएको सम्झौताको कार्यान्वयन हुनुपर्ने अडानमा दृढ छन् ।

'बाहिरबाट अरू शिक्षक-कर्मचारी साथीलाई पनि बोलाऔँ 'सुवेदीले भने, आन्दोलन बलियो बनाउनुको बिकल्प रहेको छैन । 'अब एउटा मात्र बाटो छ, जसले हाम्रो जित सुनिश्चित गर्छ,' उनले भनेका छन् ,अन्तिम चरणको लडाईमा सबै एकजुट भएर अघि बढ्छौं ।

शिक्षकहरूले आन्दोलनलाई थप चर्काउँदै लगिरहेका बेला सरकारले भने नयाँ शैक्षिक सत्र तथा विद्यार्थी भर्ना अभियान अगाडि बढाएको छ। विद्यार्थी भर्ना अभियानको अग्रमोर्चामा रहेका शिक्षकहरूको अनुपस्थितिमा सरकार अघि बढ्न खोजेको हो ।

शिक्षा मन्त्रालयको तथ्यांकअनुसार कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या ७६.३ प्रतिशत, आधारभूत तहको कुल भर्ना दर १२८ प्रतिशत, खुद भर्ना दर ९४.१ प्रतिशत र माध्यमिक तहको खुद भर्ना दर ५५.८ प्रतिशत छ ।

नववर्ष शुभकामना २०८२ साल

नव वर्ष २०८२ सालको उपलक्ष्यमा सम्पूर्ण कर्मचारी, दुग्ध कृषक, दुग्ध सहकारी, डिष्ट्रीब्युटर, डिलर, फ्रेन्चाइज, बुथम्यान तथा उपभोक्ता लगायत सम्पूर्ण नेपालीहरुमा सुखशान्ति, सु-स्वास्थ्य, दिर्घायु, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



'गुणस्तरीय प्रशोधित दुग्ध पदार्थहरुको सेवन बढ्छ प्रतिरोधात्मक क्षमता हुन्छ स्वस्थ्य जीवन'
प्रशोधित दुग्ध मात्र पिउने बाणी बसालौं

जनकपुर दूग्ध वितरण आयोजना (परिवार)
सम्पर्क नं. ९८११२५५८७८, ९८५४०२४४८०, ९८५४०२३८३७, ९८१७८०४६६६
DDC गुणस्तरको लागि प्रतिवद्ध

शुभकामना नववर्ष २०८२ साल

नव वर्ष २०८२ साल तथा मिथिलाको प्राकृतिक एवं सांस्कृतिक महोत्वको पर्व जुडशितलको सुखद अवसरमा सम्पूर्ण देशवासी, दाजुभाई, दिदीबहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



सत्तार अन्सारी
कार्यकारी निर्देशक
एवं
प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र
मधेश प्रदेश, जनकपुरधाम



हार्दिक शुभकामना




नव वर्ष २०८२ साल तथा मिथिलाको प्राकृतिक एवं सांस्कृतिक महोत्वको पर्व जुडशितलको सुखद अवसरमा सम्पूर्ण नगरवासी, देशवासी, दाजुभाई, दिदीबहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





रामदुलार साह
नगर प्रमुख
रामगोपालपुर नगरपालिका
रामगोपालपुर, महोत्तरी

# क्रिकेट खेलाडी पूजा मानार्थ अधिकृतमा नियुक्त

**टुडे समाचारदाता**

गौशाला । राष्ट्रिय महिला क्रिकेटर तथा १९ वर्षमुनिको नेपाली महिला क्रिकेट टिमकी कप्तान पूजा कुमारी महतोलाई गौशाला नगरपालिकाले मानार्थ खेलकुद अधिकृत पदमा नियुक्त गरेको छ । नगरपालिका- ९ की क्रिकेटर महतो छन् । यस्तो प्रतिभालाई संस्थागत सम्मान दिइनुपर्छ भन्ने सोचले हामीले यो निर्णय गरेका हौं ।'

डा. महतोले जनाए अनुसार पूजा महतोले राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय स्तरमा नेपाल प्रतिनिधित्व गर्दै महिलाहरूका लागि प्रेरणाको स्रोत बनेकी छन् । 'हाम्रो नगरबाट राष्ट्रिय




गौशालाकै गौरवमय छवि हुन् ।

नगरपालिकाको शिक्षा तथा खेलकुद शाखामा मानार्थ खेलकुद अधिकृत पद सृजना गरि उनलाई अधिकृतस्तर छैठौं श्रेणीअनुसारको पारिश्रमिक प्रदान गर्ने निर्णय गरिएको हो । सो निर्णयलाई नगरपालिकाले युवा प्रतिभाको सम्मान र प्रेरणाका रूपमा व्याख्या गरेको छ ।

गौशाला नगरपालिकाका नगर प्रमुख डा. दीपेन्द्र महतोले भने, 'पूजा महतोले देशकै गौरव बढाउने काम गरेकी छन् । उनी हाम्रो नगरको मात्रै नभई सम्पूर्ण मधेशको शान बनेकी स्तरमा पुग्ने महिला खेलाडी निकै थोरै छन् । पूजा जस्ती खेलाडीले समाजमा सकारात्मक सन्देश दिएको छ । त्यसैले हामीले उनलाई नगरपालिका तहमै सम्मान गर्न चाह्यौं,' नगर प्रमुख महतोले थपे ।

नगर प्रमुखले खेलकुद क्षेत्रको विकास र प्रतिभाशाली खेलाडीहरूलाई प्रोत्साहन गर्न गौशाला नगरपालिका सदैव प्रतिबद्ध रहेको पनि बताए । नगरपालिकाले अन्य खेलाडीहरूका लागि पनि पुरस्कार, छात्रवृत्ति तथा विशेष सहयोग कार्यक्रम ल्याउने तयारी गरिरहेको बताए ।

# आफ्नै वडामा वडा कार्यालय सञ्चालन



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको सबैभन्दा ठुलो र विकट क्षेत्र रहेको लालबन्दी नगरपालिका-१५ को वडा कार्यालय अबदेखि आफ्नै वडाबाट सञ्चालनमा आउने भएको छ ।

जिल्लाको लालबन्दी- १५ को झरझरामा निर्माण भएको वडा कार्यालय भवनको सोमबार मेयर वासुदेव अधिकारीले उद्घाटन गरेका छन् । यसअघि लालबन्दी १६ स्थित परवानिपुरमा वडा- १५ र १६ को संयुक्त वडा कार्यालय सञ्चालनमा रहेको थियो ।

करिब ३६ लाख रुपैयाँ लागतमा चार कोठे एक तले वडा कार्यालय भवन निर्माण गरी सञ्चालनमा ल्याइएको वडाध्यक्ष गोरबहादुर बलले जानकारी दिए । लालबन्दी १६ का सरोजकुमार खड्का र ललितकुमार थापाले निःशुल्क प्रदान गरेको चार कठ्ठा १० धुर जग्गामा वडा कार्यालय भवन निर्माण गरिएको छ ।

सोमबार वडा कार्यालय भवन उद्घाटनकै अवसरमा जग्गादाताद्वय खड्का र थापालाई कदर-पत्रसहित सम्मान गरिएको छ । त्यस्तै निर्धारित मितिमै वडा कार्यालय भवन निर्माण सम्पन्न गर्ने निर्माण व्यवसायी भेषबहादुर बोम्जन (टिका) लाई समेत वडा कार्यालयले कदर-पत्रसहित सम्मान गरेको छ ।

वडाध्यक्ष बलले आगामी बुधबारदेखि नवनिर्मित वडा कार्यालय भवनबाट सेवा प्रवाह गर्न सुरु गरिने बताए । १७ वटा वडा रहेको लालबन्दी नगरपालिकामा अब वडा- १४ नारायणखोलाबाहेक अन्य वडाको आफ्नै वडाभित्र वडा कार्यालयभवनसञ्चालनमाआएका छन् ।

भौगोलिक हिसाबले अत्यन्त ठूलो र चुरेका विकट क्षेत्र धेरै रहेका लालबन्दी १५ मा वडा कार्यालय निर्माणका विषयमा केही समयअघि विवाद सिर्जना भएको थियो । चिसापानी, बोहोरेडाँडालगायत पश्चिमीभेगका स्थानीयले आफूहरुको ठाउँमा वडा कार्यालय बनाउनुपर्ने माग गरे पनि पछि सहमति गरी झरझरामा भवन निर्माण गरिएको छ ।

क्षेत्रफलको हिसाबले जिल्लाकै ठुलो लालबन्दी नगरपालिका वडा- १५ ले ७७.२४ वर्गकिलोमिटर भू-भाग ओगटेको छ ।

# वीरगञ्जमा कर्फ्यु हट्यो

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जमा शनिबार झडप भएपछि लगाइएको कर्फ्यु आइतबार राति १२ बजेदेखि हटाइएको छ । हनुमान जयन्तीको शोभायात्राका क्रममा शनिबार वीरगञ्जस्थित छपकैया क्षेत्रमा दुई समूहबीच तनाव भएपछि स्थानीय प्रशासनले शनिबार साँझ साढे ६ बजेदेखि कर्फ्यु लगाएको थियो । सर्वपक्षीय बैठकबाट पाँचबुँदे सहमति गरेपछि कर्फ्यु हटाइएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्सामा भएको सर्वपक्षीय बैठकमा घटनामा संलग्नमथि विस्तृत छानबिन गरी कारबाही गर्ने, अन्तरधार्मिक सद्भाव र सहिष्णुता कायम राख्न सबै पक्ष पूर्ण प्रतिवद्ध रही कानुनी कारबाही प्रक्रियामा सहयोग पुऱ्याउने, घाइतेको निःशुल्क उपचारको व्यवस्था गर्ने र भौतिक सम्पत्ति नष्टमा क्षतिपूर्तीका लागि प्रशासनले पहल गर्ने सहमति भएको छ ।

धार्मिक, सांस्कृतिक सम्प्रदायले गर्ने जात्रा, पर्व जस्ता कार्यक्रममा हतियार प्रदर्शन नगर्ने सहमति पनि गरिएको छ । जिल्लामा संचालित सबै धार्मिक संस्था र ती संस्थाबाट संचालित विद्यालय/मदरसालगायतको



अनुगमन गरी अन्यथा देखिए कारवाहीको दायरामा ल्याउने निर्णय गरिएको छ ।

सो बैठकमा कांग्रेसका कार्यवाहक जिल्ला सभापति रामनारायण कुर्मी, नेकपा एमाले जिल्ला अध्यक्ष विश्वम्भर शर्मा, नेकपा माओवादी केन्द्रका जिल्ला अध्यक्ष विजय महतो, जसपा नेपालका जिल्ला अध्यक्ष रामनेश यादव, जसपाका तवरेज अहमद, आम जनता पार्टीका जिल्ला अध्यक्ष भोला पटेल, जनमत पार्टीका जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफलगायतका सहभागी रहेका थए ।

शोभायात्रा आयोजक तर्फबाट रञ्जित साह, दीपक पटेल, अभिषेक तिवारीलगायत सहभागी थिए । सुरक्षा निकायबाट प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, नेपाल प्रहरीका पर्सा प्रमुख एसपी गौतम मिश्र, सशस्त्र प्रहरी प्रमुख एसपी राधेश्याम धिमाल, राष्ट्रिय अनुसन्धानका एसपी दिलीप सिंह, नेपाली सेनाका कर्नेल निराजन कटुवाल सहभागी थिए । त्यसअघि आइतबार बिहान सर्वदलीय बैठकले तीन बुँदे प्रतिबद्धता जाहेर गर्दै सद्भाव कायम गर्न अपील गरेको थियो ।

झडपका क्रममा सुरक्षाकर्मी र सर्वसाधारण गरी ४१ जना घाइते भएका थिए । उनीहरु सबै अस्पतालबाट डिस्चार्ज भइसकेको पर्सा प्रहरी प्रवक्ता डीएसपी किशोर लम्सालले जानकारी दिए । झडपका क्रममा छपकैया क्षेत्रमा एउटा पसल पूर्णरुपमा र अर्को एक पसलमा आंशिक क्षति भएको थियो । चार मोटरसाइकल जलाइएको थियो भने चार मोटरसाइकलमा आंशिक क्षति पुगेको थियो । कर्फ्यु उल्लंघन गरेको आरोपमा आइतबार नियन्त्रणमा लिइएका ८५ जनालाई आइतबार साँझ नै परिवारजनको जिम्मा लगाइएको छ ।

# वर्ष २०८२ मा आशावादी छन् चलचित्रकर्मी

काठमाण्डु । नेपाली चलचित्र क्षेत्रका लागि वर्ष, २०८१ स्मरणयोग्य एवं सुखद् रह्यो । गत वर्ष प्रदर्शनमा आएको चलचित्र पूर्णबहादुरको सारङ्गीले घरेलु बजारमा इतिहास रच्न सफल भयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको 'सेन्ट्रल म्यानेज्मेन्ट टिकट सिस्टम' (बक्स अफिस)मा यस चलचित्रले रु ४६ करोड ८० लाख (ग्रस) कारोबार गरेको तथ्याङ्क छ । जसले विसं २०८१ मा मात्रै नभई नेपाली चलचित्रको इतिहासमै 'रेकर्ड' दर्ज गरेको देखिन्छ । यसकारण पनि चलचित्र क्षेत्रमा नयाँ सम्भावना देखिएको अभिनेता हरिवंश आचार्यको बुझाइ छ । नेपाली चलचित्रको बजारको आकार र अवसरलाई गएको वर्षले प्रस्ट्याएको अभिनेता आचार्यले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यो वर्ष हामीले आशावादी हुने धेरै ठाउँ छन्, किनकि हामीले हाम्रो दर्शक र बजारको क्षमता बारे बुझ्ने मौका पाएका छौँ । तर, स¤ˎयात्मक नभई हामीले गुणात्मक चलचित्र बढाउनुपर्छ । अधिल्लो वर्ष केही चलचित्रले गरेको व्यापारका कारण यो वर्ष प्रदर्शनको स¤ˎया बढ्ने देखिन्छ तर हामीले बजारलाई बुझेर त्योअनुसार चलचित्र ल्याउनु पर्छ ।"

उहाँले अभिनय गर्नुभएको चलचित्र 'भूठान' यही वैशाख १२ गते र 'हरिबहादुरको जुत्ता' आगामी दसैँमा प्रदर्शन हुँदैछ । यस वर्ष मह सञ्चारबाट चलचित्र निर्माण गर्ने भन्दा पनि आएका प्रस्तावमा अभिनय गर्ने सोच अभिनेता आचार्यले बनाउनुभएको छ ।

"चलचित्र निर्माण गर्दा आफूमा धेरै दायित्व आउँछ, सोही कारण अहिले अभिनयमै केन्द्रित छौँ । दुई चलचित्र प्रदर्शन भएपछि आगामी के गर्ने भन्ने सोच बन्छ, अहिले भने ती दुई चलचित्रकै काममा केन्द्रित छु", अभिनेता आचार्यले भन्नुभयो ।

अभिनेता निखिल उप्रेती पनि केही वर्षको विश्रामपश्चात् यो वर्षदेखि आफ्नो चलचित्रकर्मलाई निरन्तरता दिँदै हुनुहुन्छ । उहाँले छायाङ्कनका लागि नेपालसँगै भारतको केही भूभागको अवलोकन पनि गरिसक्नुभएको छ ।

"म जेठदेखि चलचित्रको छायाङ्कन गर्ने तयारी गरिरहेको छु, अन्तिम साताबाट काम सुरू हुन्छ । अहिले नेपाली चलचित्रको राम्रो समय आएको छ, चलचित्र भवनसम्म आएका दर्शकलाई बढाउने र ल्याइरहने गरी हामी चलचित्रकर्मीले काम गर्न जरुरी छ । म यसपटक भिन्न कथा र शैलीको चलचित्र दर्शकलाई दिने तयारी गरिरहेको छु", उहाँले भन्नुभयो । अभिनेता उप्रेतीले द्वन्द्वप्रधान चलचित्रमा वैचारिक द्वन्द्वलाई प्रस्तुत गर्ने बताउनुभयो ।

झन्डै आठ वर्षपछि निर्देशक तुलसी घिमिरे पनि निर्देशनमा फर्किनुभएको छ । उहाँले 'पहाड' नामक चलचित्रको छायाङ्कन गरिरहनुभएको छ । उहाँले आज नयाँ वर्षको सन्दर्भ पारेर चलचित्रको प्रदर्शन कात्तिक ७ मा हुने घोषणा गरिएको छ । निर्देशक घिमिरेले दर्शकको विश्वास चलचित्र र चलचित्रकर्मीप्रति बढेको महसुस गर्नुभएको छ । सोही कारण उहाँ यो वर्ष चलचित्रकर्ममा फर्किनुभयो ।

"केही समय मैले बनिरहेका चलचित्रको अध्ययनज्ञ नै गरेँ । हामीले विश्वका अन्य चलचित्रमा नभएका विषय र भावनात्मक कथालाई प्रस्तुत गर्नसक्नुपर्छ । चलचित्र हेर्ने संस्कृतिलाई बढाउन स-परिवार चलचित्र भवनमा आउने किसिमका चलचित्र निर्माण हुनुपर्छ । यो वर्ष नेपाली चलचित्रका लागि अघिल्लो वर्षभन्दा पनि उपलब्धिमूलक हुने विश्वास लिएको छु", निर्देशक घिमिरेले भन्नुभयो ।

कलाकार अभिनेता मदनकृष्ण श्रेष्ठ, सुनिल थापासँगै विपिन कार्की र अरुण क्षेत्रीजस्ता नयाँ पुस्तासँग चलचित्रमा काम गर्नुभएका निर्देशक घिमिरेले कान्छी छोरी पञ्चमी घिमिरेलाई अभिनेत्री र जेठी छोरी भावना घिमिरेलाई प्राविधिक टिममा 'प्रोडक्सन डिजाइनर' को जिम्मेवारी दिनुभएको छ । "अन्य पेसाकर्मीझैँ हामीलाई पनि सन्तानले हामीले गरिरहेको पेसा रोज्दा खुसी लाग्छ । मेरो दुवै छोरीले गरेको कामको मूल्याङ्कन मैले गर्दा अस्वाभाविक लाग्ला तर यो चलचित्रकर्म ठीक भन्ने लाग्नु सुखद् पक्ष हो । उनीहरु चलचित्रकर्ममा आउनुले चलचित्रप्रति उक्त पुस्ताको सकारात्मक सोचलाई दर्शाएको छ", निर्देशक घिमिरेले भन्नुभयो ।

अभिनेत्री केकी अधिकारी वर्ष २०८२ मा प्रदर्शन हुने चलचित्रमा विविधता देख्न पाइनेमा आशावादी हुनुहुन्छ । अघिल्लो वर्ष घोषणा र छायाङ्कन गरिएका चलचित्र हेर्दा यो वर्ष नयाँपन र मौलिकतासँगै भव्यता पनि चलचित्रमा पाइने अभिनेत्री अधिकारीले बताउनुभयो ।

"अघिल्लो वर्ष चलचित्रको विषयलाई दर्शकले



हिरो बनाउनुभयो । यो हाम्रो लागि सुखद् खबर थियो । त्यसकारण पनि यो वर्ष चलचित्रमा कलाकारसँगै विषयमा निर्माताले लगानी गर्नुभएको छ । म एउटा चलचित्रकर्मीका हिसाबले जति उत्साहित छु, दर्शकमा पनि त्यही उत्साह छ भन्ने विश्वास छ", अभिनेत्री अधिकारीले भन्नुभयो ।

गत वर्ष २०८१ को पहिलो चलचित्रका रुपमा उहाँले निर्माण गर्नुभएको 'बोक्सीको घर' प्रदर्शन भएको थियो । चलचित्रमा समावेश गीत 'बुझिन मैले, बुझाइ देऊ कसैले' सफल हुँदा त्यसको प्रभाव चलचित्रमा पऱ्यो । उक्त चलचित्रलाई प्रदर्शन अगाडि सामान्य रुपमा हेरिएको थियो । तर, यसले अकल्पनीय व्यापार गऱ्यो ।

'बक्सअफिस'को तथ्याङ्कअनुसार यस चलचित्रको घरेलु बजारमा रु १० करोड दुई लाखको व्यापार भएको छ । यो चलचित्र सफलताको श्रेय विषयवस्तुलाई जान्छ । त्यसकारण गत वर्ष कलाकारको 'स्टारडम' भन्दा 'कन्टेन्ट' चलेको वर्षका रुपमा हेर्न सकिन्छ । अभिनेत्री अधिकारी पनि यस वर्ष आफ्नो निर्माण रहने चलचित्रको छायाङ्कन गर्ने र आउँदो वर्ष प्रदर्शन गर्ने तयारीमा हुनुहुन्छ ।

समग्रमा यस वर्षलाई चलचित्रकर्मीले ठूलो आशाका साथ स्वागत गरेक छन् । वर्षकै पहिलो दिन सात चलचित्र प्रदर्शन तथा निर्माण घोषणा गरिएको छ । यो वर्ष कलात्मकसँगै व्यावसायिक चलचित्र उल्लेख्यरुपमा दर्शकले हेर्न पाउने छन् ।

**यी हुन् २०८१ न्यून व्यापार गर्ने चलचित्र**

गत वर्ष चलचित्र 'पूर्णबहादुरको सारङ्गी'ले इतिहास रच्दा केही चलचित्रले भने सामान्य व्यापार पनि गर्न सकेनन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको 'सेन्ट्रल म्यानेज्मेन्ट टिकट सिस्टम'(बक्स अफिस)' मा रहेको तथ्याङ्कअनुसार वर्ष २०८१ मा ६२ नेपाली चलचित्र प्रदर्शन भए ।

गत साउन १८ गते प्रदर्शन भएको चलचित्र 'शीरफूल' ले ८९ वटा टिकट बिक्रीबापत रु १८ हजार ५०० को मात्र कारोबार गरेको छ । यस्तै, फागुन ११ गते प्रदर्शन भएको चलचित्र 'ख्या वोला'ले ९२ टिकटबिक्री गरेबापत रु २७ हजार ६००, सोही मितिमा प्रदर्शन भएको चलचित्र 'गाले वाना' को ७२ टिकट बिक्रीबापत रु २१ हजार ६००, मात्रै कमाएको छ । साथै माघ ४ गते प्रदर्शन भएको चलचित्र ' एक्टर' को १२१ टिकट बिक्री भएबापत रु ३३ हजार २८५ र असोज ११ गते प्रदर्शन भएको 'आँखा' ले २६२ टिकट बिक्री भएबापत रु ९२ हजार ५२५ को व्यापार (ग्रस) गरेको छ ।

उक्त व्यापारमा मूल्य अभिवृद्धि करबापत १३ प्रतिशत र मनोरञ्जन करबापत पाँच प्रतिशत तिरिएको रकम कट्टा गरेर चलचित्र भवन र निर्माताले आधाआधा रकम पाउने गर्छन । उक्त रकममा वितरकले पाउने तय गरिएको रकम प्राप्त गरेपछि मात्र निर्माताले आफ्नो हिस्सा पाउने गर्छन् । तसर्थ उल्लेखित चलचित्रले गरेको व्यापारबाट निर्माताले पाउने रकम निकै न्यून हुन्छ ।

नवप्रवेशी निर्माताले बढी सँगसँगै न्यून व्यापार भएका चलचित्रको विवरणलाई पनि हेर्नुपर्ने पुर्नेन्दु झाले बताउनुभयो । उहाँले भन्नुभयो, "निर्माता बढी व्यापार भएको चलचित्र हेरेर हौसिने गरेको पाइन्छ, तर चलचित्र निर्माणभन्दा अगाडि न्यून व्यापार पनि हेर्नुपर्छ । किनकि यहाँ यस्तो नै हुन्छ भन्ने अवस्था हुँदैन । निर्देशकले पनि सुरुआती समयमै घाटा र नाफाबारे स्पष्टरुपमा बुझाउनुपर्छ ।"

उहाँले आश गरिएका केही चलचित्रको व्यापार राम्रो हुन् नसकेको बताउनुभयो । विशेषत अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा अब्बल सावित भएका चलचित्रले घरेलु बजारमा दर्शक पाउन सकेनन् । 'शाम्बाला' र 'राजागञ्ज' चलचित्रको व्यापार नहुनु दुःखद् रहेको निर्देशक झाको बुझाइ छ ।

"कलात्मक चलचित्रको घरेलु बजार उत्साहजन देखिएन तर चलचित्र निर्माणमा भिन्नता आउनु आवश्यक छ । ती चलचित्र निर्माण तथा निर्देशन गर्ने चलचित्रकर्मीको आटलाई हामीले हौसला दिनु जरुरी छ", निर्देशक झाले भन्नुभयो । यस वर्ष प्रदर्शन भएको चलचित्र 'शाम्बाला' ले रु दुई करोड १२ लाख २२ हजार ३२५ र 'राजागञ्ज' ले रु १६ लाख २१ हजार ८८१ को व्यापार (ग्रस) मात्र गरेको छ ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : कुनै कार्यक्रममा संलग्न रहनुपर्ला ।
वृष : मनमा भएको तनाव हटेर जानेछ ।
मिथुन : पारिवारिक उत्तरदायित्व बढ्नेछ ।
कर्कट : कुनै कुराले मनमा दोमन हुन सक्छ ।
सिंह : पारिवारिक/सामाजिक कामकाजमा व्यस्त भइएला ।
कन्या : तपाईकोकुराकोमानराख्नेप्रयत्नहुनेछ।
तुला : मनमा उत्साह बढ्दा तन स्वतः स्फूर्त रहनेछ ।
वृश्चिक : प्रतिक्रियात्मक कार्यमा सजग रहनुपर्नेछ ।
धनु : मित्रवर्ग सित भेट्ने मौका जुट्नेछ । कुनै बैठकमा सहभागी हुनुपर्नेछ ।
मकर : आत्मीयजनको साथले मन रमाउनेछ । कुनै कराले मनमा उत्साह थपिनेछ ।
कुम्भ: प्राथमिकता विचारेर अघि सरे आफैलाई सजिलो होला । सकारात्मक सोचमा रही आफूलाई प्रस्तुत गर्नुपर्नेछ ।
मीन : कुनै कुराले गर्दा अचानक रिस उठन सक्छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर**
प्रत्येक दिन


बिहान ढोका खुल्ने समय : ५:०० बजे
बिहान पूजा आरती : ८:०० बजे
भोगराज लाग्ने समय : ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो) : १२:०० बजे
मन्दिर बन्द हुने समय : १२:०० बजे
खुल्ने समय (दिउँसो) : ४००: बजे
रात्री आरती पूजा हुने समय : ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय : १०:०० बजे

**जानकी मन्दिर**
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

**राम मन्दिर**
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे



नयाँ वर्षको पहिलो दिन सोमबार सर्लाहीको बागमती नगरपालिकास्थित निर्माणाधीन बागमती माछा पोखरी (भरत ताल) परिसरमा घुम्न आएका आन्तरिक तथा बाह्य पर्यटक मोटरबोटमा सयर गर्दै । पर्यटकको मनोरञ्जनको लागि ताल परिसरमा जेडस्की, स्काई साईकिलिङ, जीपलाइन निर्माण गरिएको छ । *तस्बिरः रासस*

# जानकी मन्दिरमा भक्तजनको भीड



जनकपुरधाम। नयाँ वर्ष २०८२ का अवसरमा जनकपुरधामको जानकी मन्दिरमा भक्तजनको भीड लागेको छ । वर्षको पहिलो दिन सोमबार जनकपुरधामस्थित जानकी मन्दिरमा भक्तजनहरू वर्षभर राम्रो होस् भन्ने हेतुले पूजापाठका लागि जम्मा भएका छन् ।

धनुषाका विश्वप्रसिद्ध जानकी मन्दिरसहित राम मन्दिर, जनक मन्दिर, भूतनाथ मन्दिरमा भक्तजनहरूको घुइँचो लागेको छ ।

नयाँ वर्षमा मन्दिरहरूमा पूजापाठ गर्नाले विशेष फल प्राप्त हुने र वर्षभरि राम्रोसँग बित्ने धार्मिक जनविश्वाससहित मन्दिर दर्शन गर्न आएको धनुषा ट्राफिक प्रमुख हरिबहादुर वलीले बताउनुभयो ।

त्यसैगरी, पर्यटकहरूको सवारीसाधनको व्यवस्थापन गर्न बिहानदेखि नै ट्राफिक प्रहरीलाई हम्मेहम्मे परेको छ । वर्षको पहिलो दिन पूजापाठ र दर्शन गर्न तथा घुम्नका लागि आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने गर्दछ । जानकी मन्दिरमा बिहानदेखि दर्शनार्थी भीडभाड देखिएको छ ।

मन्दिरमा प्रसाद चढाउने भक्तजनको पनि दिनभर घुइँचो तथा भीड लागेको छभने जानकी मन्दिर परिसरमै रहेको म्युजियम हेर्नसमेत दर्शनार्थीहरुको लामो लाइन लागेको देखिएको छ ।रासस

# निषेधआज्ञाले वीरगञ्जमा नयाँ वर्ष प्रभावित



वीरगञ्ज। हनुमान जयन्तीका अवसरमा शनिबार निकालिएको शोभायात्राका क्रममा उत्पन्न विषम परिस्थिति नयाँ वर्ष वीरगञ्जमा प्रभावित भएको छ । गत चैत ३० गते हनुमान जयन्तीको अवसरमा निकालिएको शोभायात्रा दुई समूहबीचको झडपपछि नियन्त्रणका लागि लगाइएको निषेधआज्ञा (कर्फ्यू)आदेशको कारणले वीरगञ्जवासीको नयाँवर्ष अन्य वर्षको जस्तै मनाउन पाएनन् ।

नयाँ वर्ष लक्षित गरेर वीरगञ्ज महानगरले आयोजना गरेको रात्रि बजार पनि निषेधआज्ञाको कारणले शनिबार र आइतबार दुई दिन सञ्चालन नपाएपछि स्थगित गरिएको छ । होटल तथा पर्यटन व्यवसायी सङ्घ पर्साकाका अध्यक्ष हरि पन्तले वीरगञ्जमा उत्पन्न भएको विषम परिस्थितिको कारणले 'बुकिङ' भएका होटल पनि धमाधम खाली भएको जानकारी दिनुभयो ।

''नयाँवर्ष मनाउन आएका भारतीय पाहुना पनि निषेधआज्ञाको कारणले होटल छाडेर फर्किनुभएको छ,'' उहाँले भन्नुभयो,'' नयाँ वर्ष मनाउन आएका पाहुनापछि एकाएक छाडेर जाँदा यहाँको पर्यटन व्यवसायी झनै धरासायी हुने अवस्थामा पुगेको छ ।'' अध्यक्ष पन्तले नेपाली नयाँ वर्षको ' इभ' तथा नयाँवर्षको दिन वीरगञ्जका होटल भारतीय पाहुना तथा स्वदेशी पर्यटकले भरिभराउ हुने गर्दथ्यो । तर,अहिले भने निषेधआज्ञा आदेशको कारणले कोही पनि व्यक्ति घरबाट निस्किन पाइरहेका छैनन् । नयाँ वर्षको पूर्वसन्ध्यामा निषेधआज्ञा) चैत ३० गते बेलुका ६.३० बजेदेखि चैत ३१ गते रातको १२ बजेसम्म निरन्तर रुपमा निषेधआज्ञा जारी भएको थियो ।

उहाँले नयाँ वर्षको पूर्वसन्ध्यामा वीरगञ्जका होटल ५५ प्रतिशत 'अंकुपेन्सी' भएको भए पनि अहिले पहुना होटल खाली गरेर छाडेर गएको दाबी गर्नुभयो । वीरगञ्जमा भारतीय तथा अन्य मुलुकका पर्यटकलाई लक्षित गरेर क्यासिनोसहितका सुविधासम्पन्न तारे होटल पनि सञ्चालनमा रहेका छन् । वीरगञ्जका तारे होटलमा दियालो लडर्स प्लाजा, भिष्वा, क्लार्क रिसोर्ट, सुरज होटल लगायतका रहेका छन् ।

वीरगञ्ज बजार क्षेत्रमा मात्रै साना ठूला गरेर ८५ भन्दा धेरै होटल तथा लज रहेका छन् ।''बन्द हड्तालको कारणले होटलमात्रै नभएर सबै खालका व्यापार व्यवसायमा प्रत्यक्ष असर पार्दै आइरहेका छन्,'' उहाँले भन्नुभयो,''बन्द ,हड्ताल , निषेधाज्ञा लगायतका गतिविधि सधैंका लागि बन्द गर्नुपर्नेमा यस्तो गतिविधि हुँदा पर्यटन क्षेत्र नराम्रोसँग प्रभावित हुने गरेको छ ।''

एकातर्फ व्यापारिक तथा औद्योगिक सहरको छायाँ र अर्कोतर्फ पर्यटकीय गन्तव्यको प्रचारप्रसारको कमीको कारणले पनि वीरगञ्जमा अपेक्षाकृत पर्यटक भित्रिन सकिरहेका छैनन् । सीमावर्ती रक्सौल नाका हुँदै मासिक हजारौंको सङ्ख्यामा भारतीय पर्यटक नेपाल आइरहेका हुन्छन् ।

आकर्षक गन्तव्यको अभावमा भारतीय पर्यटकलाई वीरगञ्ज आसपासको क्षेत्रमा रोक्न सकिएको छैन । जसले गर्दा यहाँको पर्यटन क्षेत्रमा प्रत्यक्ष प्रभाव पर्दै आइरहेको छ । भारतको रक्सौल नाका हुँदै नेपाल प्रवेश गर्ने भारतीय पर्यटकले वीरगञ्जलाई केबल बाटोका रुपमा मात्रै प्रयोग गर्दै आइरहेका छन् । जसका कारणले वीरगञ्जको पर्यटन क्षेत्रले त्यसको लाभ उठाउन सकिरहेका छैनन् । त्यही समस्यालाई मध्यनजर गर्दै वीरगञ्ज महानगरपालिकाले वीरगञ्ज नाका हुँदै नेपाल प्रवेश गर्ने भारतीय पर्यटकलाई कम्तीमा पनि दुई रात पर्सा आसपासकै क्षेत्रमा बसोबास गर्ने वातावरण सिर्जना गर्नेतर्फ ध्यान दिइरहेको जनाएको छ ।

वीरगञ्जमा करिब १० अर्ब भन्दा धेरै लागतमा तारे तथा अन्य होटल सञ्चालनमा रहेका छन् ।रासस

# 'अथाह सम्भावनालाई सदुपयोग गर्ने वर्ष बनोस्'

काठमाण्डु । सोमबारदेखि नयाँ वर्षअर्थात् विक्रम सम्वत् २०८२ सुरु भएको छ । एकापसमा सुख, शान्ति, उन्नति, प्रगति तथा समृद्धिको कामना साटासाट गरी नयाँ वर्षको सुरुआत गर्ने हाम्रो परम्परा हो । विसं ५७ ईशापूर्वमा चन्द्रगुप्त विक्रामादित्यले सुरु गरेको विश्वास गरिन्छ । यो केवल एउटा पात्रो मात्रै होइन यो प्रकृति परिवर्तन हुने समय भएको शास्त्रीय मान्यता छ ।

वसन्त ऋतुमा सुरु हुने नयाँ वर्षमा सूर्य मीन राशीबाट मेष राशीमा प्रवेश गर्ने जानकार बताउँछन् । सूर्य मेष राशीमा प्रवेश गरेसँगै नयाँ वर्ष सुरु हुने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्वअध्यक्ष माधव भट्टराई बताउनुहुन्छ ।

नयाँ वर्षको शुभकामना दिँदै राष्ट्रपति रामचन्द्र पौडेलले समृद्धिको बाटोमा बाधक बनेर देखिने बेथितिको अन्त्य, सुशासन प्रवर्द्धन र सेवा प्रवाहमा चुस्तता पहिलो सर्त भएको उल्लेख गर्दै नयाँ वर्षमा नयाँ उत्साहका साथ उन्नति र समृद्धिका लागि एउटा साझा सङ्कल्प लिएर अघि बढ्न आग्रह गर्नुभएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले पनि नयाँ वर्षको शुभकामना दिँदै सबै नेपालीको जीवनमा सुख, शान्ति, प्रगति, सफलता र नयाँ उत्साह पैदा गरोस् भन्ने कामना गर्दै देशलाई समृद्ध र जनतालाई सुखी बनाउने साझा गन्तय प्राप्त गर्न सबैमा सकारात्मक सोच, व्यवहार र आत्मबल आवश्यक भएको बताउनुभएको छ ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकूलपति प्राध्यापक केदारभक्त माथेमा नयाँ वर्षमा मुलुकलाई विकास र समृद्धितर्फ अघि बढाउन ठूला र दीर्घकालीन योजनाको थालनी गर्न ढिलाइ गर्न हुन्न भन्नुहुन्छ । जनतामा सुशासनको प्रत्याभूति गराउँदै तत्काल लाभ प्राप्त गर्ने अवसर सिर्जना गर्नु अहिलेको प्रमुख प्राथमिकता हुनुपर्ने उहाँको भनाइ छ ।

"स-साना कार्यक्रमले पनि नेपाल विकास र समृद्धिका लागि जुरमुराएको सन्देश दिनसक्छ", पूर्वराजदूत समेत रहनुभएका माथेमाले भन्नुभयो, "शासनमा रहनेहरुले नतिजामुखी कामलाई प्राथमिकता दिएर जनतामा सकारात्मक सन्देश सञ्चार गर्दै नयाँ आशा जगाउन सक्नुपर्छ ।"

राजनीतिक र प्रणालीको स्थायित्व प्रमुख चुनौती रहेको वर्तमान अवस्थामा नयाँ वर्षमा राजनीतिक दलहरुले यसप्रकारका सङ्कल्प लिन जरुरी रहेको उहाँ औँल्याउनुहुन्छ । यसमा नागरिक समाजलगायतले भूमिका खेल्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्राडा विद्यानाथ कोइराला वर्ष २०८२ मा मुलुकलाई 'समृद्ध नेपाल र सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षाको बाटोमा हिँडाउनका लागि सम्भावनालाई सदुपयोग गर्नुपर्नेमा जोड दिनुहुन्छ । "हिमाल, पहाड र तराईमा कैयौँ सम्भावना छन्, प्रकृतिमा असीमित सम्भावना छन्, यसको उपयोग गर्ने वर्ष बनाउनुपर्छ", उहाँले भन्नुभयो । त्यसका लागि सरकारले सम्भावनामा अवसर देखाउनुपर्छ, त्यसका लागि सहजीकरण गरिदिनुपर्छ ।

पैसा मात्रै कमाएर हुँदैन, सुखी बनाउनका लागि सोहीअनुसारका काम गर्नपर्छ भन्ने उहाँलाई लाग्छ । डा कोइराला युवा जनशक्तिमा अपार सम्भावना देख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "हामीसँग ठूला सपना देख्ने र त्यसलाई साकार पार्न सक्ने ठूलो युवा जनशक्ति छ, उनीहरुलाई प्रोत्साहन गर्न सकियो भने २०८२ सालले नयाँ दृष्टिकोण पाउँछ ।"

नयाँ वर्ष पात्रो मात्रै फेरिने समय नभई विद्यालय शिक्षा प्रणालीमा नयाँ शैक्षिक सत्र सुरु हुने समय पनि भएको उल्लेख गर्दै शिक्षाविद् धनञ्जय शर्माले नयाँ वर्षको सुरुआतमै सडकमा आन्दालित हजारौं शिक्षकलाई कक्षाकोठामा पुऱ्याउने वातावरण सरकारले बनाउनुपर्नेमा जोड दिनुभयो ।




"नयाँ शैक्षिक सत्र सुरु हुने समयमा काठमाडौँमा केन्द्रित शिक्षकको आन्दोलन चलिरहेको छ, यसले भर्नालगायत काम प्रभावित भएका छन्", उहाँले भन्नुभयो, "शिक्षकको केही जायज माग छन् भने केही संविधानले पनि अनुमति नदिएका माग छन्, त्यसैले सरकारले नयाँ वर्षको सुरुआतमै शिक्षकका जायज माग पूरा गर्ने र अविलम्ब ऐन जारी गर्ने शिक्षकलाई वार्ताका माध्यमबाट सडकबाट कक्षाकोठामा फिर्ता पठाउन जरुरी छ ।"

उहाँले अहिले पनि ८० प्रतिशत बालबालिका सामुदायिक तथा सार्वजनिक विद्यालयमा अध्ययनरत रहेको उल्लेख गर्दै सामुदायिक तथा सार्वजनिक विद्यालयको शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकको पनि भूमिका सरकारको जतिकै रहेको बताउनुभयो ।

पूर्वाधारविद् कमलराज पाण्डे नयाँ वर्षमा नयाँ उपलब्धि हासिल गर्नका लागि उच्च प्रतिफल दिने पूर्वाधारमा बजेट विनियोजन गर्न सुझाव दिनुहुन्छ । "अहिले पनि ठूला-ठूला संरचना निर्माण भइरहेका छन्, तर सरकारको प्राथमिकतामा जनताले छिटो प्रतिफल प्राप्त गर्ने र लाभ मिल्ने खालका पूर्वाधार हुनुपर्छ, ताकी जनताको आर्थिक र सामाजिक विकासमा सहयोग पुगोस्", उहाँले भन्नुभयो ।

वर्ष २०८२ मा सूचना प्रविधिको क्षेत्रमा भएका ठूलो सम्भावनालाई उपयोग गर्दै मुलुकको विकासमा ठूलो योगदान दिन सकिने बताउनुहुन्छ, भिएस इन्टरनेसनल कलेजका कार्यकारी निर्देशक कार्भिका थापा । लामो समय अमेरिकामा बसी नेपाल फर्किनुभएकी किम्बु टेकको प्रमुख कार्यकारी अधिकृत (सिइओ) थापा नेपालले सूचना प्रविधिको क्षेत्रमा लगानी गरी अर्बौं रकम बराबरको विदेशी मुद्रा आर्जन गर्न सकिने बताउनुहुन्छ ।

"पछिल्लो समय आइटीमा भविष्य छ भन्ने भाष्य बनेको छ, र यो सही पनि हो, यसमा सरकारले नीतिगत रुपमा सहजीकरण गर्ने हो भने लाखौँलाई रोजगारी दिनुका साथै मुलुकको अर्थतन्त्रमा ठूलो योगदान दिन सकिन्छ", उहाँले भन्नुभयो । उहाँका अनुसार अहिले यो क्षेत्रमा मात्रै ६० हजारभन्दा बढी जनशक्ति आबद्ध छन् उनीहरुले मासिक रु दुई लाखभन्दा बढी कमाइरहेका छन् । अहिले एउटै आइटी कम्पनीमा विभिन्न तरिकाले तीन हजारसम्मले रोजगारी पाएको उहाँको भनाइ छ ।

"यो सूचना प्रविधिको युग हो, आम्दानीका दृष्टिले पनि यो राम्रो ' करिअर' पनि हो, यो क्षेत्र हरेक हिसाबले पछिल्लो तीन वर्षमा दोब्बरले बढेको छ, त्यसैले तीन वटै तहका सरकारले यसमा सहजीकरण गर्न आवश्यक छ", उहाँले भन्नुभयो । सरकारले यस क्षेत्रका लागि आवश्यक जनशक्ति उत्पादनलाई प्राथमिकता दिँदै देखिएका समस्या समाधानमा भूमिका निर्वाह गर्न आवश्यक रहको उहाँको बुझाइ छ ।

नेपालमा चेन होटलका रुपमा व्यवसाय विस्तार गरिरहेको सिद्धार्थ ग्रुपका प्रमुख कार्यकारी अधिकृत (सिइओ) कृष्णप्रसाद न्यौपाने वर्ष २०८२ मा पर्यटन क्षेत्रका अथाह सम्भावनालाई अवसरमा बदल्न आवश्यक भएको बताउनुहुन्छ । पर्यटन क्षेत्रमा पछिल्लो समय लगानी बढिरहेको भए पनि राज्यबाट लगानी संरक्षणका लागि काम नभएको उल्लेख गर्दै उहाँले यस वर्षमा नीतिगत सहजीकरण आवश्यक भएको बताउनुभयो । मुलुकमा पर्यटक भित्र्याउनका लागि सरकारले नेपाललाई प्रमुख पर्यटकीय गन्तव्यका रुपमा अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन गर्न आवश्यक भएको उहाँको बुझाइ छ ।

"विदेशी पर्यटक आगमन कोभिडअघिको अवस्थामा आइसकेको छ, यस्तो अवस्थामा सरकारले अन्तरराष्ट्रियस्तरमा मुलुकको पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्छ", उहाँले भन्नुभयो । पर्यटकीय पूर्वाधार निर्माणमा पनि निश्चित मापदण्ड बनाउन जरुरी भएको उहाँको भनाइ छ । साथै नेपालमा पर्यटक बढाउनका लागि उनीहरुको सुरक्षा, सूचना प्रणालीदेखि गन्तव्यसम्म पुग्ने सडक र हवाई यातायातमा सहज र सुरक्षित बनाउन जरुरी रहेको उल्लेख गर्दै उहाँले यी क्षेत्रमा राज्यको औचित्यपूर्ण उपस्थितिको आवश्यकता औँल्याउनुहुन्छ ।

नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा अनिलविक्रम थापा स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्नुपर्नेमा जोड दिँदै चिकित्सा सेवा र चिकित्सा शिक्षाको प्रवर्द्धन गर्ने योजना ल्याउनुपर्छ भन्नुहुन्छ । "विसं २०८२ मा चिकित्सा सेवा र शिक्षाको पर्यटनमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो, "स्वास्थ्य क्षेत्रका जनशक्ति पलायन रोक्ने योजना बनाउनुपर्छ ।"

जनतालाई सहज सर्वसुलभ स्वास्थ्य सेवा सुनिश्चित गर्न यसवर्ष स्वास्थ्य क्षेत्रमा उल्लेख्य जनशक्ति थप गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष थापाले सङ्घीय सरकारमार्फत विशेषज्ञ चिकित्सक, नर्स, विशिष्टकृत सेवा दिनेलाई जनशक्तिलाई परिचालन गर्ने व्यवस्था मिलाउनुपर्छ भन्नुभयो ।

"स्वास्थ्य नीतिलगायत स्वास्थ्य बीमा कार्यक्रम सबै रोग लागेपछि उपचार गर्ने किसिमका छन् । तर हामीले उपचारभन्दा पनि रोग लाग्नै नदिनेमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो, "आधारभूत अस्पतालभन्दा पनि स्वास्थ्य प्रवर्द्धन केन्द्रहरु जहाँ चिकित्सक, प्यारामेडिक, जनस्वास्थ्यविज्ञ, नर्स सबैलाई संलग्न गरी जन्मिनुअघिदेखि पछिसम्म रोग लाग्नै नदिने के-के गर्न सकिन्छ त्यसमा केन्द्रित हुनुपर्छ ।"रासस

# समृद्ध राष्ट्र निर्माण गर्न सकारात्मक सोच आवश्यक छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले देशलाई समृद्ध र जनतालाई सुखी बनाउने साझा गन्तव्य प्राप्त गर्न सबैमा सकारात्मक सोच, व्यवहार र आत्मबल आवश्यक भएको बताउनुभएको छ ।

नयाँ वर्ष २०८२ का अवसरमा स्वदेश तथा विदेशमा रहेका नेपालीमा सबैको जीवनमा सुख, शान्ति, समृद्धि, प्रगति, सफलता र नयाँ उत्साह पैदा गरोस् भन्ने कामना गर्दै अनेकौं कठिनाइका बाबजुद हासिल गरेका उपलब्धिलाई आधार बनाएर हामी उज्यालो भविष्यतर्फ अगाडि बढ्न सफल हुने विश्वास उहाँले व्यक्त गर्नुभएको छ । "नयाँ वर्षमा हामी नयाँ ऊर्जा नयाँ सङ्कल्प र नयाँ सम्भावनाको खोजी गर्छौं । यस वर्षले हामी सबैमा आशा, उत्साह र सकारात्मक सोचको विकास गर्न प्रेरणा भर्ने छ भन्ने विश्वास लिएको छु । देशलाई समृद्ध र जनतालाई सुखी बनाउने हाम्रो साझा सङ्कल्प हो ।''

प्रधानमन्त्री ओलीले सन्देशमा भन्नुभएको छ, "राष्ट्रको साझा आकांक्षा साकार पार्न सरकार एक्लैले मेहनत गरेर पुग्दैन, देशभित्र र बाहिर रहेका सबै नेपालीको साझा प्रयास, मेहिनत र योगदानले मात्र हामी यसमा सफलता पाउन सक्छौँ । प्रधानमन्त्री ओलीले जातीय, क्षेत्रीय, सांस्कृतिक र धार्मिक विविधता हाम्रो राष्ट्रका साझा सम्पति हुन् भन्दै यिनलाई परस्पर विरोधी शक्तिका रुपमा नभइ तिनीहरु बीचको एकतालाई शक्तिका रुपमा विकास गरेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ ।

मुलुकमा सोमबार विकास केवल सपना नभइ यथार्थ बनिरहेका, यस बीचमा ग्रामीण भेगहरूमा बनेका भौतिक पूर्वाधार, तिनले जनजीवनमा पर्न थालेको प्रत्यक्ष सकारात्मक प्रभाव र सामाजिक सेवा प्रणालीमा भएका सुधार लोकतान्त्रिक प्रणालीका उपलब्धि भएका प्रधानमन्त्रीले उल्लेख गर्नुभएको छ । रासस

# 'नयाँ वर्षसँगै लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था सुदृढ हुनेछ'


काठमाण्डु । गृहमन्त्री रमेश लेखकले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थालाई थप सुदुढीकरण गर्दै देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि आह्वान गर्नुभएको छ ।

नयाँ वर्ष २०८२ सालको अवसरमा सोमबार स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि एवं प्रगतिको कामनासहित शुभकामना व्यक्त गर्नुभएको हो ।

उहाँले सन्देशमा भन्नुभएको छ, "हामी सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थामा र समावेशी चरित्रको राज्य निर्माण गर्ने राजनीतिक व्यवस्थामा छौँ, नयाँ वर्षसँगै यो व्यवस्था अझै सुदृढ हुने छ ।" उहाँले नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, समाज भएको देश भएको उल्लेख गर्दै त्यो नै नेपालीको सम्पत्ति र विशेषता भएको उल्लेख गर्नुभएको छ ।

नेपाली समाज सबै जातजाति धर्म, वर्ण, समुदाय र भूगोल एकआपसमा मिलेर बसेको समाज रहेको स्पष्ट पार्दै उहाँले एक अर्काकाप्रति सहिष्णु हुँदै सबैले एक अर्काको धर्म, जाती, संस्कृति र भाषालाई सम्मन गर्दै मिलेर देश विकासमा अगाडी बढ्नुपर्नेमा जोड दिुनभएको छ ।त्यसैगरी कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले नयाँ वर्षले हामी सबैमा नयाँ सोच, नयाँ समाधान र थप जोश, जाँगर सिर्जना गरी मुलुकलाई शान्ति र समृद्धिको दिशामा अग्रसर गराओस् भनी शुभकामना व्यक्त गर्नुभएको छ ।

"नयाँ वर्षले हामी सबैमा उत्साह, उमङ्ग र ऊर्जा भरेर देशको समृद्धि र विकासमा योगदान पुऱ्याउन प्रेरणा प्रदान गर्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु । कृषि प्रधान हाम्रो देशको समुन्नति र आत्मनिर्भरता कृषिको आधुनिकीकरणरव्यावसायीकरणबाट मात्र सम्भव छ भन्ने दृढ विश्वास लिएको छु", उहाँले सन्देशमा भन्नुभएको छ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ।।

## सम्पादकीय

# धार्मिक सहिष्णुता कायम गर

नेपाल अहिले धर्मनिरपेक्ष राष्ट्र बनेको छ। यद्यपि नेपालमा ८५ प्रतिशत सनातन धर्मावलम्बी (हिन्दु)हरु छन्। नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा जनचाहनाले भन्दा केही नेताहरुको आर्थिक स्वार्थको कारण भएको हो। नेपालमा धार्मिक सहिष्णुता हिन्दु राष्ट्र हुँदा पनि रहेको थियो। अपवाद बाहेक धार्मिक द्वन्द्व नेपालमा भएको छैन। तर पछिल्लो केही वर्षदेखि धार्मिक झैंझगडा, विवाद र भिडन्तको घटनामा निकै वृद्धि भएको छ। यहाँ मुख्य रुपमा हिन्दु र मुसलमानहरुबीच बेलाबखत सद्भाव बिग्रने गरेको छ। त्यसको प्रमुख कारण आर्थिक प्रगतिले सृजित धार्मिक उन्माद हो। मुसलमानहरुले मोहर्रम, मोहम्मद डे लगायतका केही पर्वत्यौहारहरुको अवसरमा प्रदर्शन गर्छन्। त्यस क्रममा प्रायः विवाद अथवा झडप हुँदैन। मुसलमानहरुले शान्तिपुर्ण रुपमा आफ्ना प्रदर्शन, जलसा, खेलतमासा गर्छन्। हिन्दुहरुले केही पर्वत्यौहारमा ज्याली गर्छन्। हनुमान जयन्ती, रामनवमी, जानकी नवमी, सीताराम विवाहमहोत्सव लगायतको उत्सवहरुमा ज्याली गर्छन्। दुर्गा पूजा, सरस्वती पूजा, इन्द्र पुजा, विश्वकर्मा पूजालगायतमा मूर्तिहरुको पुजा गरिन्छ। तर मूर्ति सेलाउने क्रममा विवाद सृजना गरिन्छ। छठ मनाउने क्रममा विवाद उत्पन्न गरिन्छ। यस्ता कार्यहरुले धार्मिक द्वन्द्व बढ्ने र सामाजिक सद्भाव बिग्रने सम्भावना बढी हुन्छ। एउटा धर्मावलम्बीहरुले मनाउने उत्सवमा अर्को धर्मावलम्बीहरु सहभागी नभए पनि कुनै प्रकारको अवरोध सृजना गर्न हुँदैन। सबै जात धर्म, सम्प्रदायले आफ्नो मान्यता र परम्परा अनुसारको धार्मिक उत्सव गर्ने अधिकार छ। एउटा धर्मावलम्बीले गर्ने जुलुस, सभा, सत्संगमा अर्का धर्मावलम्बीले अवरोध गर्दा त्यसको असर नकारात्मक पर्ने छ। पछिल्लो समयमा हुन थालेको यस्ता घटनाले समाजमा केही समयका लागि मात्र भए पनि सद्भाव बिगार्ने गरेको छ। सामाजिक सद्भावलाई बिगार्ने काम गर्ने पक्षलाई स्थानीय प्रशासनले तत्काल कडा कारबाही गर्न आवश्यक छ। धार्मिक, सामाजिक सद्भाव बिगार्ने तत्वलाई कारबाहीको दायरामा ल्याइए अपराधिहरु निरुत्साहित हुनेछ। धार्मिक द्वन्द्व फैलाउने प्रयास गर्ने र उनीहरुलाई संरक्षण दिनेलाई पनि प्रशासनले कारबाहीको दायरामा ल्याउनु पर्छ। मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकामा सिर्जित धार्मिक विवादले नयाँ वर्ष प्रभावित भएको छ। महानगर क्षेत्रमा लागु गरिएको कर्फ्यु आदेशले नयाँ वर्षको पूर्वसन्ध्यामा दुई दिन जनजीवन नराम्ररी प्रभावित भयो। प्रशासनले सुरक्षाको कारण देखाइ लगाएको कर्फ्युले पर्यटन व्यवसाय लगायत अन्य व्यवसाय समेत नराम्ररी प्रभावित भयो। त्यसकारण अवाञ्छित गतिविधि गर्नेहरुलाई समयमै कारबाही हुन सके फेरि त्यस्ता गतिविधिहरुमा उनीहरुको संलग्नतामा कमी आउने छ। स्थानीय प्रशासनले धार्मिक कार्यक्रमहरु हुँदा त्यसको सुरक्षा प्रबन्ध गर्न आवश्यक छ। धार्मिक सद्भावलाई सबैले कायम राख्न सहयोगी हुनुपर्छ। जुडशीतलले सबैमा शीतलता प्रदान गरोस्। हाम्रो शुभकामना।

# छोटिँदै संवाद र बिग्रँदै सम्बन्ध



भरतमणि ज्ञवाली

मानिस सामाजिक सञ्जालहरुको अत्यधिक प्रयोगमा व्यस्त छ, जसले गर्दा वास्तविक र व्यक्तिगत संवादको कमी आएको छ। मानिसबिच सूचना आदान-प्रदान त हुन्छ तर गहिरो भावनात्मक र खुला संवाद कम हुन्छ। वास्तविक संवाद होइन, सन्देश प्रयोग गर्छौं। कामको चाप, व्यक्तिगत व्यस्तता र पारिवारिक जिम्मेवारीले समयको कमी ल्याएको हो या भावनात्मक संवेदनशीलता घटेको हो ?

सरल अर्थमा भन्नुपर्दा मानिसले अरूको विचार र भावना बुझ्नका लागि समय दिन छाडेका छन्, जसले सम्बन्ध कमजोर बन्दै आएको छ। मानिसहरू एक-अर्कासँग खुला र साँचो संवाद गर्न छाडेर औपचारिकतामा सीमित हुन थालेका छन्।

संवाद केवल शब्दहरूको आदान-प्रदान मात्र होइन, यसले हाम्रो जीवनका सबै पाटामा गहिरो प्रभाव पार्छ। यसलाई मात्र एक साधारण प्रक्रियाका रूपमा नहेरेर, यो मानिसको मानसिक, सामाजिक र सांस्कृतिक स्थितिमा महत्त्वपूर्ण भूमिका निभाउने शक्तिशाली उपकरणका रूपमा हेर्नुपर्छ। सही र प्रभावकारी संवादको अभ्यास गर्दा व्यक्तिको मानसिक र भावनात्मक स्थिति सुधारिन्छ, सामाजिक समन्वय बढ्छ र वैश्विक स्तरमा शान्ति र सहयोगको वातावरण सिर्जना गर्न मद्दत पुर्‍याउँछ। यस आलेखमा संवादको महत्त्व र यसको सकारात्मक प्रभावलाई वैज्ञानिक र सामाजिक दृष्टिकोणबाट विश्लेषण गर्ने प्रयास गरिएको छ।

### संवाद र मानसिक प्रभाव

संवादले मानिसको मानसिक स्वास्थ्यमा ठुलो प्रभाव पार्छ। प्राचीन समयमा विभिन्न धर्म र संस्कृतिले पनि राम्रो संवादलाई आत्मिक शान्ति र सन्तुलनको स्रोतका रूपमा स्वीकार गरेका छन्। खुलेर र इमानदारीपूर्वक अरूसँग कुरा गर्दा हाम्रो मानसिक अवस्थामा सकारात्मक प्रभाव मात्रै पर्दैन, भावनात्मक सम्बन्धलाई पनि सशक्त बन्छ। हाम्रो आन्तरिक संघर्ष, चिन्ता र तनावलाई संवादमार्फत बाहिर निकाल्दा मानसिक शान्ति र सन्तुलन कायम राख्न सहयोग पुग्छ। मानसिक स्वास्थ्य विशेषज्ञका अनुसार संवादको अभावले तनाव, चिन्ता र अवसादजस्ता मानसिक समस्याको जोखिम बढाउँछ। यसको विपरीत खुला र सहानुभूतिका साथ गरिएको संवादले मानिसलाई आफ्ना भावना व्यक्त गर्नका लागि सुरक्षित स्थान दिन्छ, जसले गर्दा मानसिक स्वास्थ्यमा सुधार ल्याउँछ।

### संवाद र सामाजिक सम्बन्ध

मानव समाजका सबै सदस्य एक-अर्कासँग परस्पर निर्भर छन्। समाजमा एकता र सुसंवादका लागि राम्रो संवाद अत्यन्त आवश्यक छ। जब समाजका सदस्य एक-अर्कासँग खुला र इमानदार संवाद गर्छन्, तब तिनीहरूको बिचमा विश्वास र समझदारी बढ्छ। परिणामस्वरूप समाजमा सहिष्णुता, सहयोग र समृद्धिको वातावरण निर्माण हुन्छ; विभिन्न वर्ग, धर्म र संस्कृतिका बिचमा सकारात्मक सहकार्यको सम्भावना बढ्छ। जसरी परिवारका सदस्यबिच खुला संवादले पारिवारिक एकताको भावना बलियो बनाउँछ, त्यसरी नै समुदायका सदस्य बिचको संवादले समाजमा आत्मसम्मान, समानता र आपसी सम्मानको भावना बढाउँछ, जसले गर्दा सामाजिक स्थिरता र शान्ति कायम रहन्छ।

स-साना घटनालाई संवादमार्फत समाधान खोजिनुपर्छ। यसो गर्नु मानिसको नैसर्गिक बानी हो तर सानै कुरा त हो भनेर कुनै घटनालाई संवादमार्फत समाधान खोजिएन भने त्यसले विकराल रूप लिन सक्छ। पछिल्लो समयमा परिवार, साथीभाइ र सम्बन्धमा आपसी संवाद घट्दै गएको छ। संवादविनाको सम्बन्ध धेरै लामो टिक्दैन।

सामाजिक समृद्धि केवल आर्थिक प्रगतिसँग मात्रै सम्बन्धित छैन, यसमा सामाजिक र मानसिक समृद्धि पनि जोडिनुपर्छ। राम्रो संवादको अभ्यासले समाजको समृद्धिमा सकारात्मक योगदान पुर्‍याउँछ।



जब व्यक्तिहरू र समुदायहरू एकअर्कासँग सहकार्य र साझा प्रयास गर्दै संवाद गर्छन्, त्यसले नयाँ विचारहरूको आदान-प्रदान र समस्या समाधानको प्रक्रिया छिटो बनाउँछ।

### संवाद र विश्व शान्ति

संवादको महत्त्वलाई अन्तर्राष्ट्रिय सम्बन्ध र विश्व शान्तिको सन्दर्भमा पनि बुझ्न सकिन्छ। जब द्वन्द्वरत राष्ट्रहरूबिच संवादका माध्यमबाट मतभेद समाधान गर्न खोजिन्छ, तब युद्ध र हिंसाका घटनामा कमी ल्याउन मद्दत मिल्छ। कूटनीतिक संवाद र सहकार्यका माध्यमबाट राष्ट्रहरूले एकअर्कासँग समन्वय गर्दै शान्तिपूर्ण सहअस्तित्व कायम गर्न सक्छन्।संवादको सकारात्मक प्रभाव संसारभरिका शान्ति प्रक्रियामा देखापर्छ। द्वन्द्वग्रस्त क्षेत्रहरूमा शान्ति सम्झौतासम्म पुग्नका लागि संवादले अनिवार्य उपकरणका रूपमा काम गरेका उदाहरण छन्। भारत र पाकिस्तान बिचको कूटनीतिक संवाद, इजरायल र प्यालेस्टाइन बिचको शान्ति प्रयासहरूमा संवादको महत्त्वपूर्ण भूमिका छ। नेपालमै पनि कैयौं घटना संवादबाट समाधान भएका उदाहरण छन्।

### वैज्ञानिक दृष्टिकोण र संवाद

वैज्ञानिक दृष्टिकोणले पनि संवादको महत्त्वलाई पुष्टि गरेको छ। मानव मस्तिष्क र तान्त्रिक प्रणालीका अध्ययनले देखाउँछ कि राम्रो संवादले तन्त्रिका प्रणालीमा सकारात्मक प्रभाव पार्छ। जब हामीसँग साझा र सकारात्मक संवाद हुन्छ, तब हाम्रो मस्तिष्कमा 'अक्सिटोसिन' र 'सेरोटोनिन' जस्ता हर्मोनको उत्पादन बढ्छ, जसले हाम्रो मानसिक स्थिति सुधार्न र सकारात्मक सोचको विकास गर्न मद्दत गर्छ।

विज्ञानले यो पनि प्रमाणित गरेको छ कि संवादमार्फत व्यक्तिको सोच र दृष्टिकोणमा विकास हुन्छ। सही समयमा गरिएको संवादले समस्यालाई नयाँ दृष्टिकोणबाट देख्न र समाधान गर्न प्रेरित गर्छ। यसले मानिसको विचारको विकास र सिर्जनशीलता पनि बढाउँछ।

विज्ञानले मानव मस्तिष्कमा संवादसम्बन्धी 'ब्रोकाज' र 'बेर्निक' एरिया गरी दुई भागले नियन्त्रण गरिरहेको हुन्छ। एकले बोली निर्माण गर्छ भने अर्कोले बोली बुझ्ने र अर्थ दिने काम गर्छ। विज्ञानको एक अध्ययन अनुसार दिनमा कम्तीमा दश पन्ध्र मिनेट पनि खुलेर संवाद गर्ने मानिस डिप्रेसनको खतरा ३० प्रतिशतसम्म कम हुन्छ। अमेरिकन साइकोलजिकल एसोसिएसनको रिपोर्ट अनुसार आफ्ना भावनालाई खुलेर व्यक्त गर्न पाउँदा मानिसको तनाव ४० प्रतिशत कम हुन्छ।

संवादले मानिसमा सहानुभूति आदान-प्रदान हुन्छ। स्ट्यानफोर्ड युनिभर्सिटीको एक अध्ययन अनुसार सहानुभूतिपूर्ण संवाद गर्ने व्यक्तिमा सामाजिक सम्बन्ध बलियो र दिगो हुन्छ।

### संवाद बढाउने उपाय

संवाद घट्नुमा धेरै कारण हुन सक्छन्। अरुको कुरा नसुन्ने बानी एउटा महत्त्वपूर्ण कारण हुन सक्छ। त्यसैले अरु बोलिरहेका बेला ध्यानपूर्वक सुन्ने बानी बसालौं। बोलेर प्रतिक्रिया दिनुभन्दा शारीरिक हाउभाउ र अनुहारमा सहानुभूति देखाउने बानी बसाल्न सकिन्छ। 'हुन्छ', 'तपाईंको कुरा ठिक हो' जस्ता संकेत दिन सकिन्छ। संवादमा प्रयोग हुने आवाजको लय र शब्दको छनोटसँगै शान्त र सकारात्मक बनाउने प्रयत्न गर्नु बुद्धिमानी हुन्छ। गाली, आरोप वा निर्देशनात्मक शैलीले संवाद बिगार्छ। संवाद बढाउन खुला प्रश्न सोध्ने बानी बसाल्ने हो भने संवादलाई दुईतर्फी बनाउँछ। आफू र अरूको भावना बुझ्न सक्ने क्षमता विकास गर्नु संवादमा धेरै उपयोगी हुन्छ।

केही बानीको विकासले संवादलाई आकर्षक बनाउन सकिन्छ। जस्तो : कुनै कारणले रिस उठेको छ भने तत्काल संवाद नगरी पछि समय मिलाएर कुरा गर्ने, गुनासोबाट संवाद सुरु नगर्ने, समाधानमा केन्द्रित संवाद गर्ने, समस्या भएमा गाली नगरी सुझाव दिने शैलीमा प्रस्तुत हुने बानीको विकास गर्न सकिन्छ। ' तपाईं गलत हुनुहुन्छ, सधैं यस्तो गर्नुहुन्छ, तपाईंको बानी ठिक छैन' जस्ता वाक्यको प्रयोग गर्नबाट जोगिनु अनिवार्य हुन्छ। यसले नकारात्मक ऊर्जा हट्छ र संवाद सकारात्मक मोडमा जान्छ। परिवार, साथी, सहकर्मीसँग दैनिक ५-१० मिनेट गहिरो संवाद गर्ने बानी बसाल्दा राम्रो हुन्छ। संवाद एक पुल हो, जसले मन र मनबिचको दूरी हटाएर सम्बन्ध बलियो बनाउँछ। यसको सही अभ्यासले मानिसको व्यक्तिगत, पारिवारिक, सामाजिक र व्यावसायिक जीवनमा सकारात्मक क्रान्ति ल्याउँछ।

### अन्त्यमा

संवाद केवल शब्दहरूको आदान-प्रदान मात्र होइन, हाम्रो जीवनलाई रूपान्तरण गर्ने एउटा महत्त्वपूर्ण प्रक्रिया हो। राम्रो संवादको अभ्यासले व्यक्तिको मानसिक, सामाजिक र सांस्कृतिक स्वास्थ्यमा सुधार ल्याउँछ। जसले समग्र समाजमा शान्ति, सहकार्य र समृद्धि वृद्धि गर्छ। जीवनलाई अझ सशक्त र समृद्ध बनाउन मद्दत मिल्छ।

स-साना घटनालाई संवादमार्फत समाधान खोजिनुपर्छ। यसो गर्नु मानिसको नैसर्गिक बानी हो तर सानै कुरा त हो भनेर कुनै घटनालाई संवादमार्फत समाधान खोजिएन भने त्यसले विकराल रूप लिन सक्छ। पछिल्लो समयमा परिवार, साथीभाइ र सम्बन्धमा आपसी संवाद घट्दै गएको छ। संवादविनाको सम्बन्ध धेरै लामो टिक्दैन। तसर्थ सम्बन्ध बलियो बनाउन संवाद बलियो बनाउनु अनिवार्य छ। जेहोस् अहंकार र घमण्ड कम गरौं। नयाँ वर्ष २०८२ को शुभकामनासहित सम्बन्ध सुधार गर्न संवादको थालनी गरौं। खुसीलाई स्वागत गरौं।

(लेखक ज्ञवाली वास्तु विज्ञानका सञ्चालक दक्षिण एसियाली ज्योतिष महासंघका महासचिव हुन्।)रातोपाटी

# 'नयाँ वर्ष समृद्धिको द्वार खुल्ने ऐतिहासिक वर्ष बन्नुपर्छ'



हरिविनोद अधिकारी

नयाँ वर्ष २०८२ को पावन अवसरमा, म स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूको सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। साथै, नयाँ वर्षको यस आगमनले बितेका दिनका कतिपय असमझदारी, तीक्तता, निराशा र अवरोधलाई समीक्षाको विषय बनाएर विस्मृत तुल्याउन तथा आफ्नो, समाज र सिङ्गो राष्ट्रकै भविष्य सुरक्षित, सुनिश्चित, सुन्दर एवं गतिशील बनाउन सबैलाई प्रेरणा प्रदान गर्ने विश्वाससमेत लिएको छु।

हामी सबैलाई ज्ञात भएकै विषय हो कि, नेपाली जनताले इतिहासमा सदियौंसम्म सामन्ती शोषण तथा उत्पीडनको पीडा ब्यहोर्न बाध्य हुनुपरेको थियो। त्यसका अवशेषहरू अझै बाँकी नै छन्। विकास प्रक्रियाको गत्यावरोध तोड्न, अन्याय-अत्याचारको दुष्चक्रबाट मुक्त हुन र स्रोतसाधनले सम्पन्न सुन्दर यस मलुकलाई विश्वकै समृद्ध एवं प्रतिष्ठित देशको कोटीमा पुर्‍याउने अभियान तीव्र पार्न जनताले अनेकौं बलिदानीपूर्ण सङ्घर्षसहित अद्वितीय योगदान गर्दै अगाडि बढिरहेको यथार्थ हामी सबैका सामू छर्लङ्ग छ। अर्थात्, हामीहरू हाम्रा पूर्वज र अभिभावकको मुलुक समृद्ध बनाउने तथा जोगाउने दृढ सङ्कल्प र वीरताबाट प्रेरणा लिएर देशप्रतिको आफ्नो कर्तव्य र दायित्व पूरा गर्न सदा कटिबद्ध रहिआएका छौं। पुर्खाले आर्जेको हाम्रो प्यारो राष्ट्रको अखण्डतामा आँच आउन नदिन, नेपाली राष्ट्रियताको प्रवर्द्धन गर्न र जनताको जीवनस्तर माथि उठाउन गरिएका अनेकौं प्रयासका क्रममा परिस्थितिले निर्धारण गरेका विभिन्न जिम्मेवारीमा रहेर हामीले भूमिका निर्वाह गरिनै रहेका छौं। हाम्रा यी घरेलु समस्या समाधानका निम्ति हामीले जनजागरण, दबाब र सङ्घर्षको नीति मात्र अवलम्बन गरेनौं, बरु सघन संवाद, सहमति र सहकार्यको लोकतान्त्रिक एवम् सिर्जनात्मक माध्यमसमेत अपनाउँदै आएका छौं। यस्ता हाम्रा असल प्रयासहरू भविष्यमा समेत कायमै रहनुपर्दछ भन्ने मलाई लागेको छ।

देश र जनताको सामाजिक-आर्थिक उन्नतिका निम्ति हामीले समर्पण गरेको समय, मिहिनेत र प्रयासका बाबजुद सो उद्देश्य र लक्ष्य प्राप्तिमा अपेक्षित सफलता हासिल हुन नसक्नु विडम्बना नै हो। अनि यो असाध्यै दुःखको विषय समेत हो। स्वदेशमै कमाउन र रमाउन नसक्ने ठानी गहभरि आँसु पारेर अहिले लाखौं युवाहरू विदेसिन बाध्य भएका छन्। स्थिरता र सुशासनको पूर्ण प्रत्याभूति दिलाउन नसक्दा व्यवसायी तथा सेवाग्राहीहरू दुःखित र निराश बन्न पुगेका छन्।

कृषिलाई आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व बढाएर कृषिमा आधारित उद्योगसहित अनेक आधुनिक औद्योगिक प्रतिष्ठानहरू विस्तार गर्न नसक्दा बेरोजगारहरूको ठूलो सङ्ख्या दिनप्रतिदिन बढिरहेको अवस्था छ। कर्मचारी प्रशासनलाई जवाफदेही, कार्यमुखी र गतिशील तुल्याउन नसक्दा सर्वसाधारणले अनेकौं झमेला र दुःख ब्यहोर्न बाध्य हुनुपरेको छ। यी यावत् समस्या, अवरोध र नकारात्मक प्रवृत्तिले गर्दा हाम्रो मौलिक संस्कृति, पहिचान र धर्मसमेत रक्षात्मक स्थितिमा पुगेको ठानिँदैछ। त्यसैले, विगत वर्षका यस्ता समस्या र नकारात्मक प्रवृत्तिहरूबाट गम्भीर पाठ सिकेर नयाँ वर्षको अवसरमा आजकै दिनबाट नयाँ सङ्कल्पका साथ विकास प्रक्रियालाई तीव्र तुल्याउनु पर्दछ। स्वाधीन, सवल र आत्मनिर्भर अर्थतन्त्र निर्माणका दिशामा सरकारले आफ्ना प्रयासहरू थप तीव्र बनाउनु पर्दछ।

राष्ट्रियता सुदृढीकरण, अग्रगमन र जनसमस्याको समाधानको नाममा हामीले पटक-पटक व्यवस्था र संविधान बदल्यौं तर अवस्था बदल्ने हाम्रो सपना अझै पूरा हुन सकिरहेको छैन। सामाजिक-आर्थिक रूपान्तरण प्रक्रियाले तीव्रता पाउन सकेको छैन। अनेक राजनीतिक विकल्पहरूको अभ्यासपछि पनि जनतामा चरम निराशा छाउने स्थिति किन उत्पन्न भयो ? सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि देशको कायापलट हुने विश्वास हामीले जनतालाई दिलाएका हौं, खोजेको व्यवस्था प्राप्त भएपछि पनि जनताको जीवनस्तरमा आशातीत परिवर्तन किन हुन सकिरहेको छैन ? यस्ता प्रश्नहरूमा अब चिन्तामात्र प्रकट गरेर जनताको सहानुभूति बटुल्न खोज्नुभन्दा निर्मम आत्मसमीक्षा गर्दै फेरि पनि निरन्तर इमान्दार प्रयास गर्नुको विकल्प छैन। यस दिशामा सम्बद्ध सबैको ध्यान जाओस्।

हाम्रो देशमा यहीँ विकसित भएको मौलिक विचारको खाँचो थियो-जसले मुलुकलाई सामाजिक न्याय र समानतामा आधारित समुन्नत समाज बनाउन मार्गदर्शन गर्न सकोस्। अब त्यो सिद्धान्त हामीले पाइसकेका छौं। यस प्रगतिशील सिद्धान्तको प्रभावकारी कार्यान्वयन गरी देश विकास गर्नुको विकल्प छैन। यो देशको सामाजिक-आर्थिक रूपान्तरणको मौलिक सिद्धान्त जनताको बहुदलीय जनवादका प्रणेता जननेता मदन भण्डारीको सपना आफ्ना सहकर्मी सहयात्रीहरूलाई राज्यसत्तासम्म पुर्‍याउने इच्छामा मात्र सीमित थिएन, बरु यस सिद्धान्तलाई कार्यान्वयन गर्दै जनताको जीवनस्तर बदल्ने र राष्ट्रको गौरव बढाउने थियो। बहुदलीयता र बहुलवादलाई आत्मसात् गरी सक्रियता, पहलकदमी, जनसेवा र प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्दै अरू राजनीतिक शक्तिहरूलाई समेत मुलुकका साझा विषयमा अग्रसर र गतिशील बनाउने नै जननेताको चाहना हो। मदनको विचार र भावनाअनुरूप अगाडि बढ्न हामीलाई कसैले कतैबाट अवरोध त पैदा गरिरहेको छैन ? यस प्रश्नमा आत्मचिन्तन गर्ने समय आएको छ। मदन भण्डारीले देश र जनतालाई केन्द्रविन्दुमा राखेर धारणा बनाउने गर्नुहुन्थ्यो। निजी स्वार्थ, लोभ र महत्वाकाङ्क्षाभन्दा माथि नउठेसम्म जनआकाङ्क्षालाई सम्बोधन गर्ने चेत, इमानदारिता र दृढ मनोबल उत्पन्न हुन नसक्ने उहाँको ठम्याइ थियो।

> राष्ट्रहित भन्दा महत्वपूर्ण अर्को कुनै विषय हुन सक्दैन र जनताको मुहारमा मुस्कान ल्याउनुभन्दा ठूलो अर्को कुनै खुसी हुँदैन । देशले दिनसक्ने जति अवसर हामीलाई दिइसकेको छ । अबको हाम्रो समय केवल राष्ट्रको नाममा समर्पण गर्नुपर्दछ ।

त्यसैले, हामी सबैले जननेताको सपना पूरा गर्ने अठोट फेरि एकपटक दोहोर्‍याउनुपर्ने बेला भएको छ। नेपालको राजनीतिक आन्दोलन र सामाजिक-आर्थिक रूपान्तरणको अभियानमा ऐतिहासिक भूमिका निर्वाह गरी अपार जनविश्वास आर्जन गर्न सफल बनिसकेको जननेताको विरासत बोकेको पार्टी नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले राज्यप्रतिको विश्वास र भरोसा थप अभिवृद्धि गर्न ढिला नगरी ठोस कार्ययोजना अघि सारेर त्यसको कार्यान्वयनमा तदारुकता देखाउनु पर्दछ।

राष्ट्रहित भन्दा महत्वपूर्ण अर्को कुनै विषय हुन सक्दैन र जनताको मुहारमा मुस्कान ल्याउनुभन्दा ठूलो अर्को कुनै खुसी हुँदैन। देशले दिनसक्ने जति अवसर हामीलाई दिइसकेको छ। अबको हाम्रो समय केवल राष्ट्रको नाममा समर्पण गर्नुपर्दछ। यस्तो दृढ अठोटबिना देश बदल्ने सपना पूरा हुन असम्भव छ।

नयाँ वर्षको आगमनसँगै हामी सबैले जनताका समस्यालाई टुलुटुलु हेरिरहने र समाधानका प्रयासहरूबाट आफूलाई अलग राख्ने प्रवृत्ति त्याग्नै पर्दछ। यो नयाँ वर्ष नवीन आशा र विश्वासको दियो बाल्ने वर्ष बन्नुपर्छ, समृद्धिको द्वार खुल्ने ऐतिहासिक वर्ष बन्नुपर्छ। नयाँ वर्षको पावन अवसरमा दृढ अठोट र ऊर्जाका साथ नयाँ वर्षलाई देशोपयोगी बनाउने सामर्थ्य हामी सबैमा प्राप्त होस् भन्ने शुभेच्छासहित सबैलाई हार्दिक शुभकामना !रासस

# एमालेले सात जना कम्युनिष्ट योद्धालाई सम्मान गर्ने




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले सातजना कम्युनिष्ट योद्धालाई सम्मान गर्ने भएको छ ।

ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा सोमबार बसेको सचिवालय बैठकले पार्टी स्थापना दिवसको अवसरमा नेपाली कम्युनिष्ट आन्दोलनको विकास र विस्तारमा महत्त्वपूर्ण योगदान गरेका सातजना विशिष्ट व्यक्तित्वहरूलाई कम्युनिष्ट योद्धाका रूपमा सम्मान गर्ने निर्णय गरेको एमाले उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनुभयो ।

उहाँका अनुसार सम्मान गरिने व्यक्तित्वहरूमा क्रमशः लालबहादुर विश्वकर्मा (कञ्चनपुर), रत्न शर्मा न्यौपाने (मरणोपरान्त), बाचस्पति देवकोटा (गोरखा), शान्ता मानवी (काठमाडौं), सत्यनारायण मण्डल (सप्तरी), शोभाराम बस्नेत (दाङ), हरिचरण शिवाकोटी (झापा) हुनुहुन्छ ।

त्यसैगरी बैठकले तत्कालीन नेकपा (माले) र कोर्डिनेशन केन्द्र पार्टी निर्माणका क्रममा ३४ जना नेता तथा कार्यकर्ताको संस्मरण समेटिएको पुस्तक "सेल्टर" सार्वजनिक गर्ने निर्णय समेत गरेको छ । पुस्तकमा तत्कालीन अवस्थामा पार्टी निर्माण गर्दा नेता जनताको घरमा कसरी आश्रय लिए, पार्टी महाधिवेशन गर्ने त्यो वेला भूमिगत समयमा नेताहरुले कसरी काम गरे, कार्यकर्ताले कसरी नेताहरुलाई सुरक्षा दिए भन्ने सन्दर्भमा समेटिने जनाइएको छ ।

उपमहासचिव ज्ञवालीले सरकार परिवर्तनको कुरा गर्नु भनेको सत्ताप्रतिको आशक्ति मात्र भएको बताउनुभयो । "अहिले सरकार परिवर्तन न कतैबाट पनि सम्भव, न त कुनै सान्दर्भिकता र न त कुनै औचित्य रहेको छ", उहाँले भन्नुभयो । उहाँले सरकारले अझ राम्रो काम गर्न जरुरी रहेको बताउनुभयो । "केही कमजोरीलाई आधार बनाएर एक थरिले प्रणाली नै उल्टाउने कोसिस गर्ने र अर्का थरिको ध्यान केवल सरकार परिवर्तनमा जाने । यी कुरा अस्थिरता निम्त्याउने प्रयत्न हो । यो सफल हुँदैन भन्ने मान्यता पार्टीको रहेको छ", उहाँले भन्नुभयो ।

बैठकले लोकतान्त्रिक गणतन्त्रको विजारोपण भएको र जनताले जितेको ऐतिहासिक दिनका रूपमा बैशाख ११ गते 'युथ सेलिब्रेशन' भव्य रूपमा मनाउने निर्णय गरेको छ । बैठकमा अध्यक्ष केपी शर्मा ओलीले वर्तमान मुलुकको समसामयिक विकसित राजनीतिक घटनाक्रमका बारेमा संक्षिप्त जानकारी गराउनुभयो । सो विषयमा सचिवालयको बैठकमा गम्भीरतापूर्वक छलफल भएको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो ।रासस

# के हुनुपर्छ नयाँ वर्षमा राजनीतिक सङ्कल्प ?



काठमाण्डु । राजनीतिक दलका युवा नेताहरुले समृद्धि, सुशासन, सामाजिक न्याय, सार्वजनिक सेवा प्रवाहको सुधार तथा जनअपेक्षा पूरा गर्न नयाँ वर्ष नयाँ राजनीतिक सङ्कल्प र प्रतिबद्धताको आवश्यकता औँल्याउनुभएको छ । उहाँहरुले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ गर्न तीन तहकै सहरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित रहेर आगामी मार्गचित्र तय गर्नुपर्नेमा जोड दिनुभएको छ ।

नेताहरुले यसका लागि कानुन निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन रहेको उल्लेख गर्दै सार्वजनिक खर्चको मितव्ययिताका लागि सांसद र मन्त्रिमण्डल तथा कर्मचारीको सङ्ख्या कटौती गरेरै भए पनि जानुपर्ने धारणा राख्नुभयो । नयाँ वर्ष २०८२ को प्राथमिकताका विषयमा केन्द्रित रही विभिन्न राजनीतिक दलका नेतासँग गरिएको कुराकानी :

**दलहरूबाट दरिलो प्रतिबद्धता आवश्यक छ : चन्द्र भण्डारी (नेपाली कांग्रेस)**

नेपालको संविधान, राजनीतिक दल र नेताहरुको यो मुलुकमा हामी पाँच वर्षमा गरिबीबाट अन्त्य गर्न सक्छौँ भन्ने पहिलो प्रतिबद्धता हुनुपर्छ । मुस्ताङ, मनाङ, कर्णालीजस्ता ठाउँका नागरिक काठमाडौँ आएर विकास माग्न नपरोस्, सरकार आफैँ त्यहाँ उपस्थित होस् ।

हिमाली क्षेत्रमा भेडाच्याङ्ग्रा पालेर आम्दानी गर्न सकोस् । जलस्रोतबाट धेरै आम्दानी गर्न सकिन्छ । जलस्रोत र पशुपालन क्षेत्रलाई अघि बढाउने नीति लिइयोस् । सीमान्तकृत वर्गलाई जलस्रोत उत्पादनमा शेयर पाउने व्यवस्था गरोस्, यति गर्नासाथ मुलुक सम्पन्न हुन्छ । शैक्षिक क्षेत्रलाई पनि उकास्न नयाँ योजना ल्याउन सकोस् भन्ने सरकारसँग कामना गर्छु । तर, हालको सोच र शैलीले हुँदैन, त्यसका लागि नेताहरुको सोचमा परिवर्तन हुनुपर्यो ।

अहिले विकासमा धेरै लगानी गर्नसक्ने अवस्था छैन । सांसदहरुको सङ्ख्या घटाएर एक सयको हाराहारीमा ल्याउनुपर्छ, मन्त्रिमण्डल सानो र छरितो बनाउनुपर्छ, प्रदेश नहटाए पनि प्रदेश सांसद र मन्त्रिपरिषद्को सङ्ख्या घटाउनुपर्छ । संवैधानिक आयोग र कर्मचारी हालको सङ्ख्यामा ६० प्रतिशत घटाउनुपर्छ । संस्कृति, समाज र बनोटलाई हेर्दा स्थानीय निर्वाचनलाई 'पार्टी लेस' व्यवस्था गर्नुपर्छ । तब मात्रै यो मुलुक अघि बढ्न सक्छ । 'सही व्यक्ति, उचित जिम्मेवारी' हुनुपर्छ । अवकाशप्राप्त कर्मचारीलाई पुनः जिम्मेवारी दिने प्रवृत्ति अन्त्य गर्नुपर्छ ।

> नेपालको संविधान, राजनीतिक दल र नेताहरुको यो मुलुकमा हामी पाँच वर्षमा गरिबीबाट अन्त्य गर्न सक्छौं भन्ने पहिलो प्रतिबद्धता हुनुपर्छ ।

**२०८२ कानुन निर्माणको वर्ष बनोस् : दीपा शर्मा (नेत्री एमाले)**

सुशासन, विकास तथा सामाजिक न्यायसम्मका विषयमा एकताबद्ध भएर सामाजिक मूल्यमान्यतालाई अघि बढाउन सकियोस्, राजनीतिक दलहरु पनि एक ढिक्का भएर देश विकासको साझा मुद्दामा लाग्न सकून् । अर्थतन्त्रलाई सुधार गरेर विकासका कामलाई तीव्रता दिन सकौँ । व्यवस्थामाथि कहीँकतै प्रश्न उठेका छन्, त्यसलाई निराकारण गर्ने गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो र मजबुत बनाउन तीनै तहका सरकार लाग्नुपर्छ । आमजनताले सुशासन र सामाजिक न्यायको अनुभूति गर्न चाहिरहेका छन्, त्यसका लागि इमान्दार नेतृत्व खोजिरहेका छन् ।

समाज रुपान्तरणका लागि जे सङ्कल्प लिएर काम गरे फेरि पनि सम्पूर्ण राजनीतिक दल एकढिक्का भएर मुलुक बनाउन अघि बढुन् भन्ने जनचाहनालाई पूरा राजनीतिक नेतृत्व तथा समाजका सबै तह र तप्काका नागरिक एक हुन प्रेरणा मिलोस् । सुशासन, सामाजिक न्याय र सेवा प्रवाहमा सुधार गर्न राज्यका निकायलाई चुस्त राख्दै कानुन निर्माणमा लाग्न प्रेरणा प्रदान गरोस् । यो वर्ष कानुन निर्माणको वर्ष होस्, बनेको कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्ने कार्यभार हुनुपर्छ । यसबाट मात्रै 'समृद्ध नेपाल सुखी नेपाली'को परिकल्पना हासिल हुनसक्छ ।

**व्यवस्थालाई स्थायित्व दिने सङ्कल्प गरौ : माधव सापकोटा (माओवादी केन्द्र)**

राजनीतिक हिसाबले अस्थिरताको स्थिति छ, स्थिरतामा जानुपर्छ । संविधान संशोधनको छलफल गरिरहेका छौँ, इमान्दारिताका साथ संविधान संशोधनका लागि प्रमुख राजनीतिक शक्तिहरुबीच राजनीतिक संवाद गर्ने, व्यवस्थामा स्थायित्व दिने गरी संविधान संशोधनको सङ्कल्प गर्ने । खासगरी रोजगार र स्वरोजगारलाई सुनिश्चित बनाउन उचित वातावरण बनाउने आजको मुख्य अभिभारा हो । नयाँ वर्षले राजनीतिक नेतृत्व र दलहरुलाई त्यस दिशामा प्रेरणा देओस् ।

**सुशासन र सार्वजनिक सेवामा सुधार अपरिहार्य : मनिष झा (राष्ट्रिय स्वतन्त्र पार्टी)**

सुशासन र सार्वजनिक सेवामा सुधार अहिलेको अपरिहार्यता हो । यो नै विकासको आधार हो । यी क्षेत्रमा काम नगरी मुलुक समृद्ध हुन सक्दैन । संविधान संशोधन राजनीतिक स्थिरताका लागि हुनुपर्छ । तर अहिले संविधान संशोधन सत्ता स्थिरताको मुद्दा मात्रै बनेको छ । राजनीतिक स्थिरताको संस्थागत अभ्यासका लागि मुद्दा हुनुपर्ने तर गठबन्धन बनाउने मात्रै सीमित भइदियो । संशोधनभन्दा पनि परिमार्जन चाहिन्छ । त्यो परिमार्जन हुने तयारी भएन, त्यसमा काम गर्नुपर्छ ।

**हाम्रै प्रयास र लगनशीलताबाट समृद्धि सम्भव छ : शरत्सिंह भण्डारी (लोकतान्त्रिक समाजवादी पार्टी)**

नेपालको समृद्धिको लक्ष्य हाम्रै प्रयास र लगनशीलताबाट प्राप्त गर्न सम्भव छ । नयाँ वर्ष २०८२ देखि नै आर्थिक विकासमा योगदान, सेवा प्रवाहमा सुधारलगायत रोजगारयोग्य वातावरण सिर्जना गर्न रुपान्तरणकारी कार्यहरुको सुरुआत गर्नुपर्नेछ । नेपालको श्रम बजारको विकास तथा विस्तारमा हामीले समग्र रोजगार शृंखलामै गुणात्मक परिवर्तन ल्याउनु छ ।

नेपालको वर्तमान श्रम तथा रोजगारीलाई क्रमशः सुधार गर्दै आगामी दश वर्षभित्रै नेपाली वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यकारी अवस्थालाई हटाउन नेपाल सरकार पूर्ण कटिबद्ध छ । नेपाली श्रमिक नेपाल या विदेशमा जहाँ भए पनि नेपालीको हकहित र संरक्षण अभिवृद्धि गर्न नीतिगत तथा कानुनी सुधार गर्नका लागि सरकारले तत्कालै सुधारका क्रियाकलाप कार्यान्वयन गर्नेछ ।रासस

# गणतन्त्रको सुदृढीकरण गर्नुपर्छ:राष्ट्रपति पौडेल



भक्तपुर । राष्ट्रपति रामचन्द्र पौडेलले न्यून आर्थिक वृद्धिको चक्रबाट मुक्ति लिँदै नेपाली अर्थतन्त्रमा सुधार गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्नुपर्ने बताउनुभएको छ ।

नगरकोटको बतासे डाँडामा सोमबार आयोजना गरिएको 'नगरकोट भ्रमण वर्ष-२०८२' को शुभारम्भ कार्यक्रममा उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र नेपाली जनताले चाहेको तीव्र विकासको आकांक्षा पूरा गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो ।

"पर्यटन, कृषि, जलस्रोत, ऊर्जा, सूचना प्रविधि र उद्योगधन्दा मुलुकको अर्थतन्त्रको मूल मेरुदण्ड हुन् । आर्थिक वृद्धिका लागि यी क्षेत्रमा विद्यमान समस्या समाधान गरेर उपयुक्त नीति, कानुन र अवसरको सिर्जना गर्नु राज्यको प्राथमिक दायित्व हो । रोजगारीका अवसर सिर्जना, लगानीयोग्य वातावरण निर्माण, उत्पादनको लागत घटाएर प्रतिस्पर्धा प्रवर्द्धन गरी औद्योगिकरणलाई बढावा दिनु पनि उत्तिकै जरूरी छ", राष्ट्रपति पौडेलले भन्नभयो, "न्यून आर्थिक वृद्धिको चक्रबाट मुक्ति लिँदै नेपाली अर्थतन्त्रमा सुधार गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणसहित तीव्र विकासको आकांक्षा पूरा गर्नु सबैले भूमिका खेलौँ ।"

सांस्कृतिक, ऐतिहासिक, धार्मिक धरोहरलाई आर्थिक विकासमा रूपान्तरण गर्न पूर्वाधारको विकास र कौशल बढाउनुपर्ने आवश्यकता औँल्याउँदै राष्ट्रपति पौडेलले यस क्षेत्रको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति, सभ्यतालाई नेपाल र विश्व पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आयआर्जन र समृद्धिको आधारका रूपमा स्थापित गर्न सकिने प्रचुर सम्भावना रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "पर्यटकीय उपजहरूको व्यवसायीकरण गरी यसबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्न आवश्यक छ । पर्यटकीय वस्तुको विकास, बजारीकरण र सहज पहुँचको व्यवस्था गरी नेपाललाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नुपर्दछ ।"

राष्ट्रपति पौडेलले काठमाडौँको उकुसुमुकसबाट उम्केर प्रकृतिमय क्षण व्यतित गर्ने उत्कट चाहना राख्नेका लागि नगरकोट नजिकको रोजाइस्थल भएको उल्लेख गर्दै यो क्षेत्र संस्कृति, प्रकृति, इतिहास र भौगोलिक आकर्षणका लागि गौरव भएको उल्लेख गर्नुभयो । "जसले देश विदेशमा चिनाउन र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न योगदान दिएको छ । यसलाई अझै विकसित, आधुनिक र सुविधा सम्पन्न बनाउन स्थानीय बासिन्दा, उद्यमी, पर्यटन व्यवसायीसहित सङ्घ, प्रदेश र विशेषत यहाँका चारवटै नगरपालिकाको सहकार्य बढी अपेक्षित रहेको मैले ठानेको छु", उहाँले भन्नुभयो ।

राष्ट्रपति पौडेलले उत्तरतर्फका सुन्दर हिमशृङ्खला, सूर्योदय र सूर्यास्त एवं सुन्दर काठमाडौँ उपत्यका अवलोकनको लागि स्वदेशी तथा विदेशी पर्यटकबीच नगरकोटको महिमा अधिक रहेको उल्लेख गर्नुभयो। "यसको निकटमा अवस्थित विश्वसम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिर, पौराणिक प्रसङ्ग जोडिएको महादेव पोखरी, मञ्जुश्री गुफा, ऐतिहासिक भञ्ज्येरी र पुतली दरबार, शङ्खरापुर नगरपालिकाको प्रसिद्ध शालीनदी तथा बज्रयोगिनी माईको मन्दिर एवं साँखु बजारको ऐतिहासिक, पुरातात्विक सम्पदासँगै यसलाई केन्द्रमा राखेर विस्तार हुँदै गएको पदयात्रा मार्गले यहाँको पर्यटकीय गतिविधिलाई बढाएको छ", उहाँले भन्नुभयो ।

नगरकोटलाई मूलविन्दु बनाएर चारवटै नगरपालिकाले आ-आफ्नो क्षेत्रका सम्पदा एवं ऐतिहासिकस्थलको प्रवर्द्धन गर्न अगाडि बढ्नु प्रशंसनीय रहेको भन्दै राष्ट्रपति पौडेलले पर्यटन पूर्वाधारको विस्तार र सहज आवागमनका लागि सडकको स्तरोन्नति गर्नेतर्फ ध्यान दिन जरूरी रहेको बताउनुभयो । उहाँले नगरकोट भ्रमण वर्षले विकासको प्रमुख आधारशीला पर्यटन क्षेत्रबाट लाभ लिएर मुलुकको आर्थिक समृद्धिमा योगदान दिने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रपति पौडेलले नयाँ वष-२०८२ को अवसरमा जनताको चाहनाअनुरुप शान्ति, दिगो विकास, समावेशी समाज, आर्थिक समृद्धि र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणसहित राष्ट्र निर्माणको अभियानमाा जुट्न यो दिनले सबैलाई प्रेरणा देओस् भन्ने कामना गर्नुभयो ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नगरकोटको ऐतिहासिक, सम्पदा, पर्यटकीय स्थललगायतको महत्व अधिक रहेको चर्चा गर्दै भ्रमण वर्षले यस क्षेत्रसँग जोडिएका चार पालिकसँगै धुलिखेल, पनौती, नमोबुद्ध, शिवपुरी, चन्द्रागिरिसम्म पर्यटनको विकास हुने बताउनुभयो । महाभूकम्प र कोरोना महामारीपछि थला परेको पर्यटन क्षेत्र पछिल्लो समय सुधारोन्मुख रहेको भन्दै उहाँले तीन तहलाई चलायमान बनाउँदै आर्थिक वृद्धि र लगानीमैत्री वातावरण बनाउन सरकार अगाडि बढिरहेको बताउनुभयो ।

प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री गोकुल बाँस्कोटाले नगरकोट हिमाल, सूर्योदय, सूर्यास्त हेर्न मात्रै नभई 'स्काई' पर्यटन र काभ्रेमा जलपर्यटन सुरु गर्न लागिएको बताउनुभयो ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री विमल ठकुरीले नगरकोटमा पर्यटक भित्र्याउन भ्रमण वर्ष कोशेढुङ्गा सावित हुने बताउनुभयो ।

चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले नगरकोटलाई केन्द्रविन्दु बनाएर सुरु भएको भ्रमण वर्षले यहाँको मात्र नभई देशभरकै आर्थिक विकासलाई चलायमान बनाउने धारणा राख्नुभयो । उहाँले नगरकोटलाई सरकारले पर्यटकीय क्षेत्र घोषणा गर्नुपर्ने बताउनुभयो ।

मण्डन देउपुर नगरपालिकाका प्रमुख टोकबहादुर वाइबा, बनेपा नगरपालिकाका प्रमुख शान्तिरत्न शाक्यले चाँगुनारायण, मण्डन देउपुर, बनेपा र शङ्खरापुर नगरपालिकाले संयुक्त रूपमा आयोजना गरेको भ्रमण वर्षले यहाँको आर्थिक विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# विद्यार्थी टिकाउ दर बढाउन अझै मेहनत गर्नुपर्छ : प्रधानमन्त्री ओली



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्ना अभियान सफल पार्न सबैलाई आग्रह गर्नुभएको छ । सोमबारदेखि सुरु भएको विद्यार्थी भर्ना अभियानको सोमबार शुभकामना दिँदै उहाँले विद्यार्थी भर्ना अभियानलाई सफल बनाउनका लागि अभिभावक तथा सरोकारवालाको ठूलो भूमिका रहेको भन्दै सफल पार्न आग्रह गर्नुभएको हो ।

प्रधानमन्त्री ओलीले सन् २०३० सम्ममा दिगो विकासको विश्वव्यापी लक्ष्यहरु हासिल गर्न विद्यालय शिक्षा साधारण प्राविधिकदेखि उच्च शिक्षासम्मका सिकाइलाई समावेशी र गुणस्तरीय बनाउनाका साथै सबै शिक्षण संस्थालाई उत्कृष्ट ज्ञान केन्द्रका रुपमा विकास गरी शिक्षालाई 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने माध्यम बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले समृद्धिको एक आधारका रूपमा शिक्षा क्षेत्र रहेकाले गुणस्तरीय र रोजगारमूलक शैक्षिक जनशक्ति उत्पादनमा शिक्षाका सबै अभियन्तालाई लाग्न आग्रह गर्नुभयो ।

प्रधानमन्त्री ओलीले अझै पनि नेपालमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २० प्रतिशत रहेको उल्लेख गर्नुभयो । "गरिबीलाई न्यूनीकरण नगरी राष्ट्रिय लक्ष्यमा पुग्न सक्दैनौँ । गरिबीलाई हटाउने पहिलो सर्त शिक्षा हो," उहाँले शुभकामना सन्देशमा भन्नुभएको छ, "हाम्रा बालबालिकालाई अब पनि विद्यालयबाहिर राख्न सक्दैनौँ ।"

प्रधानमन्त्री ओलीले अहिले आधारभूत तहको खुद भर्नादरमा सुधार आएको देखिए पनि विद्यार्थी टिकाउ दर बढाउन अझै मेहनत गर्नुपर्ने देखिएको बताउनुभयो ।

उहाँले विद्यार्थी टिकाउ दरमा सुधार गर्न शिक्षालाई स्थानीय ज्ञान, सीप र प्रविधिलाई जोडी आधुनिकीकरण गर्न र देशमा नै रोजगार एवम स्वरोजगारका अवसर सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रधानमन्त्री ओलीले शिक्षा क्षेत्रमा बजेटको अंश वृद्धि गर्दै दिगो विकासका लक्ष्य हासिल गर्न र विद्यालय शिक्षा विधेयक २०८१ लाई छलफलसहित पारित गराउन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । "अहिले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको लक्ष्य हासिलका लागि तीनै तहका सरकारबीच आपसी समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित भएर लगानीमा साझेदारी अभिवृद्धि गर्नुपर्ने अवस्था रहेको छ," प्रधानमन्त्रीले भन्नुभयो ।

प्रधानमन्त्री ओलीका अनुसार शिक्षामा भएको लगानी र स्रोत साधनको प्रभावकारी एवं रचनात्मक उपयोग गरी गुणस्तरीय शिक्षामार्फत रोजगारी तथा नैतिक आचारणयुक्त नागरिक र समाज निर्माण गर्नु आवश्यक छ । "आफूसँग भएको विद्यालाई व्यवहारमा उतार्नु अहिलेको आवश्यकता हो । ज्ञानलाई व्याहारिकरुपमा र समाजको समग्र पक्षको भलाइका लागि प्रयोग गर्नुपर्छ । हामी शिक्षित भएर मात्रै हुँदैन विनयशील पनि हुनुपर्दछ," उहाँले भन्नुभएको छ ।

प्रधानमन्त्री ओलीले आजको शिक्षाले व्यक्ति स्वयंप्रति, परिवारप्रति, राष्ट्रप्रति र अन्तरराष्ट्रिय समुदायप्रति दायित्व बोध गराउन सक्नुपर्ने भन्दै त्यसतर्फ हाम्रा प्रयासहरू केन्द्रित गराउनु आजको आवश्यकता रहेको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले शुभकामनामा नेपालजस्तो उर्वर देशमा अझै पनि मानिस वा बालबालिका बेहाल अवस्थामा सडकमा रहनु शोभनिय कुरा नभएको बताउनुभयो ।रासस

# कांग्रेसमा आफू "भाइरल" हुन जे पनि बोल्ने प्रवृत्ति बढ्यो: परराष्ट्रमन्त्री

काठमाण्डु । परराष्ट्रमन्त्री एवं नेपाली कांग्रेसकी केन्द्रीय सदस्य डा आरजुराणा देउवाले आफू 'भाइरल' हुने नाममा जे पनि बोल्ने तथा एकले अर्कालाई दोषारोपण गर्ने प्रवृत्ति नेपाली कांग्रेस पार्टीभित्र बढेको बताउनुभएको छ ।

इलामको श्रीअन्तुमा सोमबार नेपाली कांग्रेस जिल्ला कार्यसमिति इलामले आयोजना गरेको अग्रज कार्यकर्ता भेटघाट एवं अन्तरक्रियालाई सम्बोधन गर्दै उहाँले भाइरल हुने नाममा जे पनि बोल्ने प्रवृत्ति बढ्दै गएको र अझ बढी यो प्रवृत्ति नेपाली कांग्रेसमा देखिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "आफूले मिडियामा 'कभरेज' पाउनकै लागि कतिपय नेता एवं पार्टीकै विरुद्धमा पनि बोल्ने गरेको देखिन्छ ।

यसले कुनै व्यक्ति 'मिडिया'मा भाइरल त होला । तर, त्यसले पार्टीलाई कति क्षति पुग्छ भन्ने कुराको पनि हिसाब गर्नुपर्ने हो ।" मन्त्री डा राणाले नेताहरुको यस्तो प्रवृत्तिले पार्टीका केन्द्रदेखि तल्लो तहका कार्यकर्ताहरुमा निराशा पैदा गर्ने अनुभव सुनाउनुभयो ।

उहाँले नेपाली कांग्रेस अहिले सरकारमै रहेको तर सरकारको विरोध पनि बढी त कांग्रेसकै नेताहरुले गर्ने गरेको आफूले सुनेको प्रसङ्ग उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "आगामी निर्वाचनमा हामीले पार्टीलाई अहिलेको भन्दा ठूलो बनाउनुपर्ने छ । अरू पार्टीहरु 'मिसन ८४' भन्दै अघि बढेका छन्, तर हामी भने देशैभरिका कार्यकर्तालाई एकताबद्ध गरेर पार्टी मजबुद बनाउन लाग्नुको सट्टा आपसी विवाद गर्दै हिँडेका छौँ ।"रासस

# कर वृद्धिमा कुनै पनि देशलाई नछोडिने अमेरिकी राष्ट्रपति ट्रम्पको भनाइ



एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कुनै पनि देश करको ‘दायराबाट बाहिर नरहेको’ चेतावनी दिनुभएको छ।

ट्रम्पले विशेष गरी चिनियाँ आयातलाई लक्षित गरी विश्वव्यापी कर आक्रमण सुरु गरेदेखि नै विश्वका दुई ठूला अर्थतन्त्रहरूले तीव्र गतिमा कर वृद्धिको प्रतिशोधात्मक उपायलाई अपनाएको र यसले विश्वको अर्थतन्त्र उच्च जोखिमको खेलमा फसेका छ।

‘जस्तालाई तस्तै’ व्यवहारको आदानप्रदानले चीनमाथि लगाइएको अमेरिकी कर १४५ प्रतिशतसम्म बढेको छ भने बेइजिङले अमेरिकी आयातमा प्रतिशोधात्मक १२५ प्रतिशत कर लगाएको छ।

अमेरिकी पक्षले शुक्रबार स्मार्टफोन, ल्यापटप, सेमीकन्डक्टर र अन्य इलेक्ट्रोनिक उत्पादनहरूको लागि कर छूटको सूची दिँदै दबाबलाई केही कम गरेको थियो। यी उत्पादनका लागि चीन एक प्रमुख स्रोत हो।

ट्रम्प र उहाँका केही शीर्ष सहयोगीहरूले ९० दिन कर छूटको गलत अर्थ लगाइएको आइतबार बताएका छन्। यो अस्थायी मात्र हुनेछ किनकि ट्रम्पको टोलीले सूचीका धेरै वस्तुहरूमा नयाँ करहरू लगाउने दिशामा छलफल गरिरहेको छ।

“चीन मात्र होइन, विशेष गरी जसले अहिलेसम्म हामीलाई करका हिसाबले सबैभन्दा खराब व्यवहार गर्दछ!कोही पनि ‘कर वृद्धि’को जोखिमबाट टाढा छैन,अमेरिकी राष्ट्रपतिले शनिबार राति आफ्नो सामाजिक सञ्जाल ‘ट्रुथ सोशल प्लेटफर्म’मा जारी सन्देशमा भन्नुभएको छ।

यसअघि बेइजिङको वाणिज्य मन्त्रालयले शुक्रबारको कदमले ‘एउटा सानो कदममात्र हो’ भन्दै ट्रम्प प्रशासनले सम्पूर्ण कर रणनीति ‘पूर्ण रूपमा रद्द’ गर्नुपर्नेमा जोड दिएको थियो। अमेरिकाले शुक्रबार स्मार्टफोन, कम्प्युटर र अन्य इलेक्ट्रोनिक्स सामानलाई ‘पारस्परिक’ करबाट छुट दिएको थियो। यसले लोकप्रिय उच्च प्रविधियुक्त उत्पादनका लागि अमेरिकी उपभोक्तामा पर्ने लागत प्रभावलाई कम गरेको छ।

अमेरिकी भन्सार तथा सीमा सुरक्षा कार्यालयले शुक्रबार राति जारी गरेको सूचनामा चीनबाट अमेरिका भित्रिने स्मार्टफोन र अन्य प्रविधिजन्य सामानलगायत विभिन्न इलेक्ट्रोनिक सामानमा १४५ प्रतिशत थप कर लगाएको थियो।

सेमीकन्डक्टरलाई अधिकांश अमेरिकी व्यापारिक साझेदारहरूमा ‘आधारभूत’ १० प्रतिशत कर र चीनमा थपिएको १२५ प्रतिशत करबाट पनि बाहिर राखिएको छ।

नयाँ छुटले एनभिडिया र डेल जस्ता अमेरिकी टेक कम्पनीका साथै चीनमा आईफोन र अन्य प्रिमियम उत्पादनहरू बनाउने एप्पललाई फाइदा पुऱ्याउनेछ।

**अल्पकालिक राहत**

अमेरिकी राष्ट्रिय प्रतिरक्षा सञ्जालका लागि महत्वपूर्ण मानिएका वस्तुहरूमा आगामी क्षेत्र-विशिष्ट करको लागि लक्षित प्राप्त केही छूट इलेक्ट्रोनिक्सउपभोक्ताहरूका लागि अल्पकालिक राहत हुन सक्छ। “हामी आगामी राष्ट्रिय सुरक्षा कर अनुसन्धानमा सेमीकन्डक्टर र सम्पूर्ण इलेक्ट्रोनिक्स आपूर्ति श्रृङ्खलालाई हेरिरहेका छौं,” ट्रम्पले आइतबार भन्नुभयो।

अमेरिकी राष्ट्रपतिट्रम्पले सोमबार ‘अति विशिष्ट’ विवरण दिने बताउनुभएको छ भने उहाँका वाणिज्यमन्त्री हावर्ड लुटनिकले सेमीकन्डक्टर कर ‘एक वा दुई महिनाभित्र’ लागू हुने बताउनुभएको छ।

सबै अमेरिकी व्यापार असन्तुलनलाई शून्यमा ल्याउने उद्देश्यले करको लागि प्रशासनिक शब्द प्रयोग गदलुटनिकले भन्नुभयो, “फार्मास्युटिकल उत्पादनहरू ‘पारस्परिक’करभन्दा बाहिर पनि हुन सक्नेछन्।”

अमेरिकी राष्ट्रपतिट्रम्पले यस महिनाको सुरुमा दर्जनौं व्यापारिक साझेदार हरूमाथि व्यापक आयात करको घोषणा गरेर वित्तीय बजारलाई एकपछि अर्को गर्दै ९० दिनको विरामको घोषणा गरेका थिए। चीनलाईउक्त छूटबाट बाहिर राखिएको छ।

ह्वाइट हाउसले ट्रम्प चीनसँग सम्झौता हुनेमा आशावादी रहेको बताएको छ, यद्यपि अमेरिकी अधिकारीहरूले यसका लागि बेइजिङले पहिले सम्पर्क गर्नुपर्ने बताएका छन्।

ट्रम्पका व्यापार प्रतिनिधि जेमिसन ग्रीरले आइतबार सीबीएस ‘फेस द नेसन’ सँग कुरा गर्दै अमेरिकी राष्ट्रपति ट्रम्प र उहाँका चिनियाँ समकक्षी सी चिनफिङबीच वार्ताका लागि तत्काल कुनै योजना नभएको बताउनुभएको छ।

## सिरियाको पुनर्निर्माणमा सहयोग गर्न यूएई तयार



एएफपी

दुबई। संयुक्त अरब इमिरेट्स (युएई) ले सिरियाको पुनर्निर्माणमा सहयोग गर्न चाहेकोसंयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपतिले बताउनुभएको छ।

राष्ट्रपति अबुधाबीमा आइतबार सिरियाका अन्तरिम नेता अहमद अल-शरासँगको भेटमा नाह्यानले युएईले सिरियाको पुनः निर्माणमा सहयोग गर्न चाहेको बताउनुभएको हो।

सिरियाले सङ्क्रमणकालीन चरणका चुनौतीहरूको सामना गर्न र सिरियाको पुनर्निर्माण गर्न, वामन्यूज एजेन्सीले जनाएको छ।

सिरियाली विदेशमन्त्री असद अल-शैबानीले शारासँगको भेटपछि भन्नुभयो, “आज महत्वपूर्ण उपलब्धि हासिल भएको छ।”

सामाजिक सञ्जाल एक्समा गरेको एक पोस्टमा शैबानीले लगानीका क्षेत्रहरू, हवाई यातायातको पुनरुत्थान, र सबै क्षेत्रमा द्विपक्षीय सम्बन्धको सुदृढीकरणका बारेमाजानकारी गराउनुभएको थियो।

एक दशकभन्दा लामो गृहयुद्धपछि गत डिसेम्बरमा लामो समयदेखि सत्तामा रहेका बशर अल असदलाई सत्ताच्यूत गर्ने क्रममा भएको फिल्मी शैलीको आक्रमणको नेतृत्व गरेपछि शाराले आफ्नो देशका लागि खाडी राष्ट्रहरूसँग सहकार्यको लागि हात बढाउनुभएको छ।

तर विद्रोहीहरूले असदलाई सत्ताच्युत गरेको केही दिनपछि युएईका राष्ट्रपतिका सल्लाहकार अनवर गार्गाशले सिरियाका नयाँ शासकहरूको इस्लामवादी संलग्नतालाई सरकारले ‘निकै चिन्ताजनक’ महसुस गरेको बताउनुभएको थियो।

सिरियाको सरकारी समाचार संस्था सानाका अनुसार गत जनवरीमा शाराले युएईका राष्ट्रपतिसँग फोनमा सम्बन्ध प्रगाढ बनाउने विषयमा कुराकानी गर्नुभएको थियो।

“सिरियाको स्थिरता र सुरक्षा व्यवस्था समग्र क्षेत्रको हितमा छ,”युएईका राष्ट्रपतिलाई उद्धृत गर्दै आइतबार समाचार एजेन्सी रोयटर्सले जनाएको छ।

उहाँले आगामी दिनमा सिरिया र त्यहाँका जनतालाई सक्दो सहयोग गर्न खाडी मुलुकले कुनै कसर बाँकी नराख्ने पनि बताउनुभएको थियो।

# संरक्षणवादले ‘गन्तब्यमा पुगिँदैन’ : चिनियाँ राष्ट्रपतिसी

एएफपी

हनोई। चिनियाँ राष्ट्रपति सी चिनफिङले भियतनामको भ्रमणका साथ दक्षिणपूर्वी एसियाको भ्रमण सुरु गर्न लागेका बेला संरक्षणवादले ‘गन्तब्यमा नपुग्ने’ र व्यापार युद्धबाट ‘कोही विजेता’ नहुने चेतावनी दिनुभएको छ।

बेइजिङले क्षेत्रीय व्यापार सम्बन्धलाई मजबुत बनाउन र आफ्ना अमेरिकी समकक्षी डोनाल्ड ट्रम्पले लगाएको ठूलो करको प्रभावलाई कम गर्न चाहेको बेला सीले यस वर्षको पहिलो विदेश भ्रमण गर्नुभएको छ।

उहाँले आफ्नो भ्रमणका क्रममा तीन दक्षिणपूर्वी एशियाली समकक्षीसँग भेटवार्ता गर्नुहुनेछ र यसलेएसियाली क्षेत्रका लागि ‘विशेष महत्व बोकेको’ बेइजिङले जनाएको छ।

भियतनामको प्रमुख न्हान डान पत्रिकामा सोमबार प्रकाशित एक लेखमा सीले दुई देशलाई ‘बहुपक्षीय व्यापार प्रणाली, स्थिर वैश्विक औद्योगिक र आपूर्ति श्रृङ्खला र खुला र सहयोगात्मक अन्तर्राष्ट्रिय वातावरणको दृढतापूर्वक रक्षा गर्न’ आग्रह गर्नुभएको छ।

उहाँले ‘व्यापार युद्ध वा कर युद्धले कुनै पनि विजेता उत्पादन गर्दैन र संरक्षणवादले कसैलाई कहीँ पनि पुऱ्याउँदैन’ भन्ने बेइजिङको धारणालाई पनि दोहोऱ्याउनुभएको छ।

बेइजिङले आफूलाई यस महिना व्यापक करको घोषणा गरेका अस्थिरट्रम्पको स्थिर विकल्पको रूपमा



प्रस्तुत गर्ने प्रयास गरिरहेको छ। यद्यपि, विश्व बजारलाई अस्तव्यस्त बनाएपछि चीनबाहेकका राष्ट्रहरूविरूद्ध घोषणा गरिएको आधारभूत करबाहेक प्रायःसबै निर्णयलाई उल्टाउँदै ९० दिनको लागि छूट दिन ट्रम्प बाध्य बनेको विश्लेषकहरूले बताएका छन्।

**लचिलो कूटनीति**

भियतनाम १६१.९ अर्ब डलरको कारोबार गर्ने दक्षिणपूर्वी एसियाको सबैभन्दा ठूलो चिनियाँ सामान खरिदकर्ता हो भने मलेसियाले २०२४ मा १०१.५ अर्ब डलरको सामान आयात गरेको थियो।

दक्षिणपूर्वी एशियाली छिमेकीहरूसँगको सम्बन्धलाई मजबुत बनाउनाले पनि गत वर्ष चिनियाँ सामानको सबैभन्दा ठूलो एकल खरिदकर्ता हो र यसले अमेरिकाको करनीतिको प्रभावलाई कम गर्न मद्दत गर्न सक्छ।

सी सोमबार र मङ्गलबार भियतनाममा रहनुहुने कार्यक्रम रहेको छ। यो उहाँका सन् २०२३ डिसेम्बर पछिको भियतनामको पहिलो भ्रमण हो।

भियतनाम र चीन दुवै कम्युनिस्ट पार्टीद्वारा शासित पहिले देखि नै ‘व्यापक रणनीतिक साझेदारी’ गर्ने मुलुक हुन्।यो हनोईको सर्वोच्च कूटनीतिक स्थिति हो।

भियतनामले लामो समयदेखि ‘लचिलो कूटनीति’ को दृष्टिकोण अपनाउँदै आएको छ र चीन र अमेरिकादुवैसँग राम्रो सम्बन्ध कायम राख्न प्रयासरत छ।

दुई देशबीच घनिष्ठ आर्थिक सम्बन्ध छ, तर हनोईले विवादित दक्षिण चीन सागरमा बेइजिङको बढ्दो आक्रामकताविरूद्ध अमेरिकाको साथ भियतनामलाई रहेको छ।

चीनले दक्षिण चीन सागरको लगभग सबै भाग आफ्नो भएको दाबी गर्दै आएको छ तर फिलिपिन्स, मलेसिया, भियतनाम, इन्डोनेसिया र ब्रुनाईले यसलाई विवादित बनाएका छन्।

चिनियाँ नेताले आफ्नो सोमबारको लेखमा बेइजिङ र हनोईले वार्ताको माध्यमबाट ती विवादको समाधान गर्न सक्ने बताएका छन्।

“हामीले मतभेदको उचित व्यवस्थापन गर्नुपर्छ र हाम्रो क्षेत्रमा शान्ति र स्थिरताको रक्षा गर्नुपर्छ,” सीले लेख्नुभएको छ।

उहाँले भन्नुभयो, “दूर दृष्टिका आधारमा हामी परामर्श र वार्ताको माध्यमबाट सामुद्रिक मुद्दाहरूको उचित समाधान गर्न पूर्ण रूपमा सक्षम छौं।”

भियतनामपछि सीले मङ्गलबारदेखि बिहीबारसम्म मलेसियाको भ्रमण गर्नुहुनेछ।

मलेसियाका सञ्चारमन्त्री फहमी फजिलले सीको भ्रमण चीनसहित विभिन्न देशससँग बेहत्तर व्यापार सम्बन्ध बनाउनका लागि‘सरकारको प्रयासको उपलब्धीको एक हिस्सा’ भएको बताउनुभएको छ।

भ्रमणको क्रममा मलेसियापछि राष्ट्रपति सी बिहीबार नै दक्षिणपूर्वी एसियामा चीनको सबैभन्दा कट्टर सहयोगी मध्येको एक कम्बोडियाको भ्रमण गर्नुहुनेछ। कम्बोडियामा बेइजिङले हालैका वर्षहरूमा आफ्नो प्रभाव विस्तार गरेको छ।

# इजरायलका पूर्व गुप्तचर अधिकारीद्वारा गाजा युद्ध अन्त्य गर्न र बन्धकहरूलाई फिर्ता गर्न आग्रह



सिन्ह्वा

जेरुसेलम। इजरायलको मोसाद गुप्तचर निकायका २५० भन्दा बढी पूर्व अधिकारीले गाजा पट्टीमा जारी युद्ध तत्काल अन्त्य गर्न र त्यहाँ रहेका इजरायली बन्धकहरूको रिहाईका लागि आग्रह गरेका छन्।

उनीहरूले एक पत्रमा हस्ताक्षर गरी युद्ध अन्त्य र बन्धकको रिहाईका लागि आग्रह गरेको इजरायलको सरकारी स्वामित्वको कान टिभी न्यूजले आइतबार जनाएको छ।

मोसादका तीन जना पूर्व प्रमुखडानी याटोम, एफ्रेम हालेभी र तामिर पार्डोका साथै उक्त सेवाबाट निवृत्त भएका अन्य दर्जनौं अनुभवी अधिकारीले हस्ताक्षर गरेका छन्।

मोसादका पूर्व सदस्यहरूले पत्रमा भनेका छन्, “निरन्तरको लडाईंले बन्धक र हाम्रा सैनिकको जीवनलाई खतरामा पार्छ र त्यो दुःखको अन्त्य गर्ने सम्झौतामा पुग्नका लागि सबै सम्भावनाहरू खोजिनुपर्छ। साहसी निर्णय गर्न र देशको सुरक्षाका लागि जिम्मेवार भएर काम गर्न हामी सरकारलाई आह्वान गर्दछौं।”

उनीहरूले आरक्षित वा सेवानिवृत्त सयौं सैन्य एयरसदस्यहरूको पक्षमा समर्थन व्यक्त गर्दै शत्रुताको अन्त्य र बन्धकहरूको फिर्तीको लागि आह्वान गरेका हुन्।

बिहीवार एयरक्रूहरूको पत्र प्रकाशित भएपछि इजरायली वायु सेनाका कमान्डर टोमर बारले हस्ताक्षरकर्ताहरूमध्ये सक्रिय रिजर्भिस्टहरूको सेवा समाप्त गर्ने निर्णय गर्नुभएको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बर्खास्तीको निर्णयको समर्थन गर्दै हस्ताक्षरकर्ताहरूलाई ‘साना अतिवादी समूह’ को संज्ञा दिनुभएको छ भने उनीहरूले ‘इजरायली समाजलाई भित्रबाट तोड्न’ प्रयास गरिरहेको बताउनुभएको छ।

आइतबार पनि करिब २०० इजरायली सैन्य चिकित्सकले युद्ध रोक्न र बन्धकहरूलाई घर फर्काउन माग गर्दै एउटा निवेदनमा हस्ताक्षर गरेको पत्रको प्रतिलिपि प्रकाशित गर्ने विभिन्न सञ्चारमाध्यमले जनाएका छन्।

“गाजामा जारी लडाईंको मुख्य उद्देश्य कुनै सुरक्षा उद्देश्य बिना राजनीतिक र व्यक्तिगत स्वार्थ पूरा गर्नु हो र यसले सैनिक र बन्धकहरूको जीवनलाई खतरामा पार्छ,” विज्ञप्तिमा भनिएको छ।

हमासले सन् २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायलमा गरेको आक्रमणका क्रममा २५१ जनालाई गाजामा बन्धक बनाएको थियो। हाल गाजामा ५९ जना इजरायली बन्धक रहेका छन् र तीमध्ये २४ जना अझै जीवित रहेको अनुमान गरिएको छ।

# केटी पेरी महिला उडानमा अन्तरिक्षमा उडान भर्न तयार

एएफपी

वासिङ्टन। पप स्टार केटी पेरी अर्बपति जेफ बेजोसको रकेटमा ब्रह्माण्डमा गर्जना गर्दै सोमबार अन्तरिक्षको किनारा छुने सम्पूर्ण महिला समूहमा सबैभन्दा ठूलो नाम हुनेछ।

‘फायरवर्क’ र ‘क्यालिफोर्नियागर्ल्स’ गायिकालाई अमेजनका संस्थापक स्वामित्वमा रहेको अन्तरिक्ष कम्पनी ब्लु ओरिजिनको विमानमा पृथ्वीको सतहबाट १०० किलोमिटर (६० माइल) भन्दा माथि उडाइनेछन्।

बेजोसकी मङ्गेतर लरेन सान्चेजसहित अन्य पाँच महिला पश्चिमी टेक्सासबाट बिहान करिब ८:३० बजे (१३३० जिएमटी) तिर प्रक्षेपण हुने उडानमा सहभागी हुनेछन्।

उनीहरूको पूर्ण स्वचालित यान ठाडो रूपमा उठ्नेछ। त्यसपछि चालक दल क्याप्सुल मध्य-उडानमा छुट्टिनेछ र पछि प्यारासुट र रेट्रो रकेटद्वारा गति कम गरेर जमिनमा फर्कनेछ।

सन् १९६३ मा भ्यालेन्टिना




तेरेस्कोभाको ऐतिहासिक एकल उडानपछि सोमबारको अभियान पहिलो महिला अन्तरिक्ष हो।

यो ब्लु ओरिजिनको ११औं उप-कक्षीय (सब-अर्बिटल) चालक दल सञ्चालन पनि हो, जसले धेरै वर्षदेखि अन्तरिक्ष पर्यटनको अनुभव प्रदान गर्दै आएको छ। कम्पनीले आफ्नो न्यु शेपर्ड रकेटले सम्भव बनाएको यात्राको मूल्य सार्वजनिक रूपमा बताउँदैन।

करिब १० मिनेटसम्म चल्ने यो उडानले यात्रुहरूलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त अन्तरिक्षको सीमा-कर्मन रेखाभन्दा बाहिर ल्याउनेछ।

त्यहाँ एक छोटो अवधि हुनेछ जतिबेला महिलाहरूले आफ्नो सीटबाट बेल्ट खोल्न र शून्य गुरुत्वाकर्षणमा तैरिन सक्नेछन्।

**प्रेरणा**

पेरीले हालै एले पत्रिकालाई ‘मेरी छोरी डेजीका लागि’ भाग लिइरहेको बताउनुभयो। छोरीलाई उहाँले अभिनेता ओर्लान्डो ब्लुमसँग साझा गर्नुहुन्छ। पेरी ‘उनलाई आफ्ना सपनाहरूमा कुनै सीमा नराख्न प्रेरित गर्न’ सहभागी भइरहनुभएको छ।

“उनको आँखाबाट प्रेरणा र उनको आँखामा भएको प्रकाश देखेर म निकै उत्साहित छु जब उनले त्यो रकेट गएको देख्छिन् र उनी भोलिपल्ट स्कुल फर्कन्छिन् र भन्छिन्, ‘आमा अन्तरिक्षमा जानुभयो’”, पेरीले भन्नुभयो।

उहाँले इन्स्टाग्राममा पोस्ट गरिएको छुट्टै भिडियोमा अन्तरिक्ष प्रशिक्षणका क्रममा उहाँले यात्रा गर्ने क्याप्सुललाई ‘कछुवा’ नाम दिइएको र ‘फेदर’ डिजाइनले सजाइएको बताउनुभयो। ती दुवै नाम उहाँका आमाबाबुले उहाँका लागि राखेका दुई उपनाम हुन्।

“त्यहाँ कुनै संयोग छैन र म यी पुष्टिहरूका लागि धेरै आभारी छु, र म मभन्दा ठूलो केही कुराले जहाज चलाइरहेको महसुस गर्छु त्यसका लागि पनि धेरै आभारी छु”, पेरीले भिडियोमा भन्नुभयो।

आफ्नो सन् २००८ को हिट ‘आइ किस्ड अ गर्ल’ सँगै अन्तर्राष्ट्रिय मञ्चमा आउनुभएकी पेरी टिभी प्रस्तोता गेल किङ, फिल्म निर्माता केरियान फ्लिन, पूर्व नासा वैज्ञानिक आइशा बोवे र यौन हिंसा विरुद्धको अभियान समूहकी संस्थापक अमान्डा न्गुयेनसँग बस्नुहुनेछ।

उहाँहरूले ५२ जना अघिल्लो ब्लु ओरिजिन यात्रुहरूलाई पछ्याउनुहुनेछ, जसमा लामो समयदेखि ‘स्टार ट्रेक’ का प्रमुख व्यक्ति विलियम स्याटनर पनि हुनुहुन्छ।

यस्ता उच्च प्रोफाइलका पाहुनाहरूले ब्लु ओरिजिनको काममा सार्वजनिक रुचि कायम राख्न उद्देश्य राखिएको छ, जसले अन्तरिक्ष पर्यटनको क्षेत्रमा धेरै प्रतिद्वन्द्वी फर्महरूसँग लडाइँ गरिरहेको छ।

बेजोसको यात्री उडानहरूमा मुख्य प्रतिद्वन्द्वी भर्जिन ग्यालेक्टिक हो। यसले समान सब-अर्बिटल अनुभव प्रदान गर्दछ।

तर ब्लु ओरिजिनको लक्ष्य एलन मस्कको स्पेसएक्ससँग सिधै प्रतिस्पर्धा गर्ने भविष्यमा अन्तरिक्ष पर्यटकहरूलाई कक्षामा लैजाने हो।

॥ हार्दिक श्रद्धाञ्जली ॥




जन्म २००९/०२/२८ स्व. श्री राज नरायण महासेठ मृत्यु २०८१/१२/२८

श्री योग कुमार माध्यमिक विद्यालय बलवा सरपल्लोमा तत्कालीन समयमा कार्यरत हाम्रा श्रद्धेय आदरणीय गुरु विख्यात कृषि विषयका शिक्षक श्री **राज नारायण महासेठ** महोत्तरी भटौलिया निवासीको यही मिती २०८१ चैत्र २८ गते देहावसान भएकोले हार्दिकश्रद्धांजलि व्यक्त गर्दै शोक संतप्त सम्पूर्ण परिवारमा यस दुःखद घड़ीमा धैर्य धारण गर्ने साहस प्रदान गरुन भनि ईश्वर सँग प्रार्थना गर्दछौ।

‘श्री योग कुमार माध्यमिक विद्यालय बलवा सरपल्लोका २०४८ सालका सम्पूर्ण एस. एल. सी. बैचका विद्यार्थी परिवार’

# मेलामा हजारौँ भक्तजनको घुइँचो



काठमाण्डु । मनमोहक वातावरणको हरियाली जङ्गलमा मानिसको लर्को लागेको छ। नयाँ वर्षको सूर्योदयसँगै मानिसको भीड शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको प्राकृतिक क्षेत्रमा बढ्दै गएको छ।

यही निकुञ्जको बीचमा रहेको राजधानीको सभ्यताको स्रोत वाग्मतीको उद्गमस्थल वाग्द्वारमा प्रत्येक वर्ष वैशाख १ गतेका दिन स्नान मेला लाग्छ । मेला भर्न आज बिहानैदेखि भक्तजनको भीड निकुञ्जतर्फ लागेको हो । कति भक्तजन भने चैत मसान्तमै यहाँ रात बस्ने गरी पुगेका थिए। आइतबार बेलुकी नै पुगेका भक्तजन बिहानै स्नान गरी फर्कंदै गरेको दृश्य देखिन्छ । वैशाख १ गते वाग्द्वार आउने जाने भक्तजनले सुन्दरीजल क्षेत्र मेलामय बनेको छ। बूढानीलकण्ठ क्षेत्रमा पनि यस्तै दृश्य देखिएको जनाइएको छ।

राजधानीको कोलाहलबाट नजिकैको शान्त एवं रमणीय स्थलमा नयाँ वर्ष मनाउन मानिसको भीड लागेको हो । पाँच वर्ष अघि वाग्द्वार एवं यसको प्रवेशमार्ग सुन्दरीजलको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले वाग्द्वारको प्रचारप्रसार गर्न गोकर्णेश्वर नगरपालिकाले महोत्सवको आयोजना गरेको थियो।

यसैगरी बूढानीलकण्ठ नगरपालिकाले पनि बेला बेलामा यस्ता कार्यक्रम आयोजना गर्ने गरेको छ। जसबाट वाग्मती नदीको शिरो भाग वाग्द्वार क्षेत्रको प्रचारप्रसार हुने गरेको छ । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्र काठमाडौँ र नुवाकोट जिल्ला एवं गोकर्णेश्वर र बूढानीलकण्ठ नगरपालिकाको सीमामा रहेको वाग्द्वार नववर्षका दिन स्नानका लागि पवित्र तीर्थस्थल मानिन्छ।

आज यहाँ आई स्नान गरेमा पाप पखालिई अक्षय पुण्य प्राप्त हुने धार्मिक विश्वास छ । सूर्य मीन राशिबाट मेष राशिमा प्रवेश गरेको वैशाख सङ्क्रान्तिका दिन वाग्मतीमा स्नान गरेमा मनकामना सिद्ध हुने धार्मिक विश्वास समेत छ।

वैशाख महिना र वाग्मतीको सम्बन्ध रहेकाले प्राचीनकालदेखि नै चोभारदेखि वाग्द्वारसम्म वाग्मती तीर्थयात्रा गर्ने विधान छ। विसं २०३० देखि लोप भएको यो जात्रालाई पशुपति क्षेत्र विकास कोषले २०७५ देखि निरन्तरता दिएको छ । २०७५ र २०७६ गरी दुई वर्ष गरिएको वाग्मती तीर्थयात्रा त्यसपछिका केही वर्ष कोरोना महामारीका कारण स्थगित गरिएको थियो । कोरोना महामारी कम भएपछि पनि तीर्थयात्रा गराउने आगमघरका पुजारीको स्वास्थ्यका कारण तीर्थयात्रा हुन सकेको छैन। यस वर्ष पनि वाग्मती तीर्थयात्रा गर्ने नगर्ने निश्चित नभएको कोषले जनाएको छ।

**उपत्यकाको सभ्यताको स्रोत वाग्मती उत्पत्तिको कथा**

वाग्द्वारको उत्पत्तिका विषयमा विभिन्न किम्वदन्ती प्रसिद्ध छन् । सृष्टिको सुरुमा ब्रह्माजी मृगेन्द्रशिखरको मध्यभागमा तपस्या गरेर बस्दा पानीको अभाव भयो। ब्रह्माजीले शिवजीको ध्यान गरी शिवजीको वाग् अर्थात् बोलीबाट प्रकट भएकाले यस नदीको नाम वाग्मती रहेको नेपाल माहात्म्यको हिमवत्खण्डलगायत धार्मिक ग्रन्थमा व्याख्या गरिएको वेदमा विद्यावारिधि गर्नुभएका प्रा डा ऋषिराम पोखरेल बताउनुहुन्छ।

"ब्रह्माजीले शिवजीको तपस्या गर्दा सबै देवता आई देवसभा नै यहीँ भएको वर्णन धार्मिक ग्रन्थमा पाइन्छ, यही सभाका समयमा शिवजीको बोलीबाट वाग्मती प्रकट भएकाले यस नदीलाई ब्राह्मी, सरस्वती, भारती, वाग्मती र वाग्मती आदि नामले पुकारिन्छ", उहाँले भन्नुभयो।

वाग्मती प्रकट भइसकेपछि शिवजीले यस नदीमा स्नान गर्न हिँडेमा मात्र पनि अश्वमेध यज्ञ गरे बराबरको फल प्राप्त हुनेछ, भुक्ति र मुक्ति प्राप्त हुनेछ भनी वरदान दिएकाले अहिलेसम्म पनि स्नान मेला लागेको धार्मिक विश्वास छ । वाग्मती नदी प्रकट भएको मृगेन्द्र शिखरको जल खाएमा भक्भके बोली भएकाको बोलीमा शुद्धता आउने जनविश्वास छ। यही विश्वासका कारण पनि वैशाख १ गते हजारौँ मानिस स्नान र जल सेवनका लागि वाग्द्वारमा पुग्ने गर्छन्।

शिवजीको बोलीबाट वाग्मती प्रकट भएर अरु नदी मिसिने प्रत्येक स्थानमा तीर्थ बन्नेछ र यहाँ स्नान एवं दान गरेमा पुण्य प्राप्त हुनेछ भनी भगवान विष्णुले वरदान दिएकाले सूर्यग्रहण, चन्द्रग्रहण र औँसी आदि पर्वमा वाग्मतीमा स्नान गरी दान दिने परम्परा सनातनदेखि चली आएको वाल्मीकि विद्यापीठका पूर्वसहप्राध्यापक श्रीराम सापकोटा बताउनुहुन्छ।

वाग्मती नदी भारतमा रहेको जमुना नदीसँग नमिलुञ्जेल अविच्छिन्नरूपमा वाग्मतीकै नामले चिनिने र यसबीचमा एक हजार आठ तीर्थस्थल बनेका छन्। ती प्रत्येक तीर्थमा समय समयमा मेला लाग्ने गरेकाले पनि वाग्मती नदीको महत्त्व रहेको छ।

प्राचीनकालमै तपस्या, ध्यान र साधनाका लागि सिद्ध स्थल मानिएको शिवपुरी क्षेत्रमा अगस्त्य, दधिची र कार्तिकेयलगायत ऋषिले आई तपस्या गरेको प्रमाण विभिन्न शास्त्रमा उल्लेख गरिएको छ । आधुनिक युगमा पनि शिवपुरी बाबा यसै क्षेत्रमा आई तपस्या गरेर विश्वप्रसिद्ध हुनुभयो।

यस क्षेत्रमा शिव पार्वतीको जोडी घुम्दै आउँदा सुन्दरीजलको झरनाबाट मोहित भएर शिव त्यहीँ बसी तपस्या गर्दा शैलमतेश्वर र पार्वती तपस्या गरेको स्थान शैलवतीअर्थात् सुन्दरीमाईका रुपमा अहिलेसम्म पनि प्रख्यात छन्। दुवैको नामबाट प्राचीनकालदेखि नै सुन्दरीजल नामकरण भएको स्थानीयवासीको विश्वास रहेको स्थानीयवासी सुशील सिम्खडा बताउनुहुन्छ।

प्रत्येक वर्ष वैशाख १ गते वाग्द्वारमा स्नान गर्न आउने तारकेश्वरका विष्णुप्रसाद धिताल आफूमा आनन्द बढेको र वर्षमा एकपटक मात्र भए पनि वन जङ्गलको मार्गमा तीन घण्टा हिँड्दा स्वास्थ्यमा राम्रो भएको अनुभवले स्नान गर्न जाने गरेको बताउनुहुन्छ।

वाग्द्वार क्षेत्र सेवा समितिका अध्यक्ष अरुण ठकुरी वाग्मतीको उद्गमस्थलमा स्नान गरी शिवपुरी डाँडामा रहेको ३५ मिटर अग्लो शत रुद्रेश्वर शिलामा पूजा गर्ने विधि रहेको बताउनुहुन्छ। दर्शनार्थीले यसपछि विष्णुद्वारमा स्नान गरेर विष्णुपादुकामा दर्शन गर्ने विधान छ । यसो गरेमा दर्शनार्थीको मनकामना पूरा हुने जनविश्वास छ।

वाग्द्वार बूढानीलकण्ठ र सुन्दरीजल दुई ठाउँबाट जान सकिन्छ। बूढानीलकण्ठबाट तीन घण्टा र सुन्दरीजलबाट साढे तीनदेखि चार घण्टा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको रमणीय यात्रा गरेपछि प्राकृतिक छटा र सौन्दर्यले भरिएको वाग्द्वार पुगिन्छ । वैशाख १ गते वाग्द्वार, सपनतीर्थ स्नान गरी भक्तपुरको बिस्केट जात्रा हेरेमा वर्षभर रोगव्याध नलाग्ने किम्वदन्ती समेत उपत्यकावासीमा प्रचलित रही आएको छ।रासस

# वर्षाले गहुँबालीमा क्षति हुँदा किसान चिन्तित



राँझा। आइतबार साँझ परेको बेमौसमी वर्षाले गहुँबालीमा क्षति पुऱ्याएपछि बाँकेका किसान चिन्तित भएका छन्। किसानले काटेर भित्र्याउन ठिक्क पारेको गहुँबालीमा बेमौसमी वर्षा र हावाहुरीले भिजाएर क्षति पुऱ्याएको डुडुवा गाउँपालिका-५ कम्दीका किसान सूर्यलाल यादवले बताउनुभयो। खेतमा लगाएको गहुँ काटेर स्याहार्ने बेला वर्षाले भिजाएर ठूलो क्षति भएको उहाँको भनाइ छ।

नकाटेको ठाडो गहुँबालीमासमेत हुरी र असिना पानीले ठूलो क्षति पुऱ्याएको उल्लेख गर्दै यादवले भन्नुभयो,"यसपाली गहुँ राम्रो फलेको थियो, भित्र्याउने बेलामा हुरी र बेमौसमी वर्षाले क्षति पुऱ्यायो।" नेपालगञ्ज-१७ थुकैला गाउँका किसान रामसुरत बर्माले असिनापानी र हुरीले गहुँबालीमा ठूलो क्षति पुऱ्याएको बताउनुभयो। उहाँले भन्नुभयो, "काटेको गहुँ भिजाएर काम नलाग्ने भएको छ, नकाटेको धान पानी असिना पानी र हुरीले ढलाएर काम नलाग्ने बनाएको छ।"

गहुँ पाकेर स्याहार्ने सुरसारमा रहेका यहाँका किसानलाई असिना पानी र हुरीले चिन्तित बनाएको छ। कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ कृषि प्रसार अधिकृत अनिश श्रेष्ठले बेमौसमी वर्षाले काटेको गहुँमा क्षति पुऱ्याएको बताउनुभयो।

"अचानक परेको पानीले अन्य बालीमा असर नपुगे पनि काटेको गहुलाई क्षति पुऱ्याएको छ, के कति क्षति भयो भन्ने तथ्याङ्क सङ्कलनमा लागेका छौँ", उहाँले भन्नुभयो, "बाँकेमा गहुँ पाकेर भित्र्याउने बेला क्षति पुगेको छ।" उहाँले जिल्लाभरमा के कति क्षति पुगेकोबारे आफूहरुले अनुगमन गरिरहेको र आठवटै पालिकामा रहेका कृषि शाखालाई विवरण सङ्कलन गरेर कृषि ज्ञान केन्द्रमा पठाउन आग्रह गरिएको जानकारी दिनुभयो। बाँकेमा गत बुधबार अपरान्हदेखि रातभर हुरी र वर्षाले गहुँबालीमा क्षति पुऱ्याएकोमा आइतबार साँझ परेको वर्षाले किसानलाई गहुँबाली भित्र्याउनमा पनि समस्या भएको सूचना अधिकारी श्रेष्ठको भनाइ छ।

नेपाल किसान महासङ्घ बाँकेका अध्यक्ष कृष्णविक्रम केसीले नयाँवर्षको पूर्व सन्ध्यामा आएको बेमौसमी वर्षा र हुरीले किसानलाई दुःखी बनाएको बताउनुभयो। उहाँले वर्षाले पाकेको गहुँबाली, मसुरो र अरहर खेतीमासमेत क्षति पुऱ्याएको उल्लेख गर्नुभयो।रासस

# विदेशी मुद्राको विनिमयदर यस्तो छ



काठमाण्डु । नेपाल राष्ट्र बैंकले सोमबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३७ रुपैयाँ ३७ पैसा र बिक्रीदर १३७ रुपैयाँ ९७ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर १५६ रुपैयाँ ०६ पैसा र बिक्रीदर १५६ रुपैयाँ ७४ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७९ रुपैयाँ ७० पैसा र बिक्रीदर १८० रुपैयाँ ४९ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १६८ रुपैयाँ ५० पैसा र बिक्रीदर १६९ रुपैयाँ २४ पैसा कायम भएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ३६ पैसा र बिक्रीदर ८६ रुपैयाँ ७४ पैसा, क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ ०८ पैसा र बिक्रीदर ९९ रुपैयाँ ५१ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रुपैयाँ १० पैसा र बिक्रीदर १०४ रुपैयाँ ५५ पैसा निर्धारण गरिएको छ।

त्यसैगरी जापानी येन १० को खरिददर नौ रुपैयाँ ५७ पैसा र बिक्रीदर नौ रुपैयाँ ६१ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८४ पैसा र बिक्रीदर १८ रुपैयाँ ९२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ५९ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७५ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ६९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८५ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ११ पैसा र बिक्रीदर चार रुपैयाँ १३ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ४० पैसा र बिक्रीदर ३७ रुपैयाँ ५६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ०६ पैसा र बिक्रीदर ३१ रुपैयाँ २० पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ६७ पैसा र बिक्रीदर नौ रुपैयाँ ७१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ०६ पैसा र बिक्रीदर १४ रुपैयाँ १२ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ ९० पैसा र बिक्रीदर २० रुपैयाँ ९९ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ७२ पैसा र बिक्रीदर १७ रुपैयाँ ७९ पैसा, कुवेती दिनार एकको खरिददर ४४७ रुपैयाँ ९१ पैसा र बिक्रीदर ४४९ रुपैयाँ ८७ पैसा, बहराइन दिनार एकको खरिददर ३६४ रुपैयाँ ३८ पैसा र बिक्रीदर ३६५ रुपैयाँ ९७ पैसा, ओमनी रियाल एकको खरिददर ३५६ रुपैयाँ ८२ पैसा र बिक्रीदर ३५८ रुपैयाँ ३८ पैसा रहेको छ। भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ।रासस

> राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ ।

# नगरकोट भ्रमण वर्ष सुरु



भक्तपुर। 'नगरकोट भ्रमण वर्ष-२०८२' आजदेखि सुरु भएको छ । नपाली नयाँ वर्षको अवसर पारेर आजदेखि नगरकोटमा उक्त भ्रमण वर्ष आरम्भ भएको हो।

चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीका अनुसार चाँगुनारायणका साथै मण्डनदेउपुर, बनेपा र शंखरापुर नगरपालिकाले संयुक्त रुपमा भ्रमण वर्ष आयोजना गरिएको हो । आज पहिलो दिन विभिन्न सांस्कृतिक कार्यक्रम, झाँकी र र्‍याली प्रदर्शन गरिएको छ । विभिन्न सांस्कृतिक कार्यक्रम समेत प्रस्तुत भइरहेका छन् । नयाँ वर्षको पहिलो सूर्योदयलाई स्वागत गर्न हजारौँ पर्यटक आइतबार नगरकोट पुगेका थिए।

"नगरकोटमा लाखौँ पर्यटक भित्र्याउने उद्देश्यले महोत्सव आयोजना गरेका हौँ", नगर प्रमुख खत्रीले भन्नुभयो। घरेलु उत्पादनका ६० कक्ष यहाँ राखिएका छन्। भ्रमण वर्षले नगरकोटको मात्रै नभई देशकै आर्थिक विकासमा मद्दत पुग्ने उहाँको भनाइ छ । भ्रमण वर्षका क्रममा वर्षभरि चारवटै पालिकाको नगरकोट केन्द्रित संयुक्त कार्यक्रम सञ्चालन हुने तथा वडास्तरबाट समेत विभिन्न कार्यक्रम आयोजना गरिने छन्।

भ्रमण वर्षमा आउने पर्यटकलाई नगरकोटका साथै भक्तपुर, काभ्रेपलाञ्चोकको मण्डन देउपुर, बनेपा, काठमाडौँको शङ्खरापुर नगरपालिकाका होटल तथा यहाँका घरबासमा खाने बस्ने व्यवस्था गरिएको छ । नगरकोट पुग्ने सबै सडक स्तरोन्नति गरिएको, चारवटै पालिकाबाट सहजै नगरकोट पुग्ने व्यवस्था गरिएको तथा काठमाडौँ-नगरकोट सिधा बस सेवा सञ्चालन गरिएको छ।

**चान्हेसिया जात्रा सम्पन्न**

मध्यपुरथिमीका बासिन्दाले चान्हेसिया जात्रा मनाएका छन् । बालकुमारीलाई थिमिको लायकू दरबारबाट जात्रा गरी बालकुमारी मन्दिरमा ल्याएर विराजमान गराई चान्हेसिया जात्रा सुरु गरिएको थियो। चान्हेसिया जात्रामा सर्वप्रथम दिगुटोलस्थित दिगुभैरवलाई आचाजु कर्माचार्यको घरबाट लायकुमा ल्याइन्छ भने त्यसपछि तलेजुबाट बालकुमारीलाई ढकीमा राखेर कपडाले छोपी लायकू अगाडि ल्याइएर जात्रा मनाइन्छ । त्यसपछि भने खटमा राखी बालकुमारी मन्दिरमा विराजमान गराइन्छ।

जात्रामा थिमीको अधिंकाश घरबाट निस्केको हजारौँ चिराग बालेर र धिमाय बजाई दक्षिणबाराही, हरिसिद्धि र अजिमा देवतालाई ल्याएपछि पुनः बालकुमारीबाट शङ्ख धर चोक हुँदै क्वाछेंस्थित दक्षिणबाराही मन्दिर परिक्रमा गराइएको थियो। त्यसपछि तछुटोल, विष्णुवीर मन्दिर परिक्रमा गराई बालकुमारी मन्दिरमा ल्याई पुर्‍याएर पाँचपटक परिक्रमा गराएपछि सोही स्थानमा आ-आफ्नो आसनमा खटलाई राखेपछि जात्रा सम्पन्न भएको थियो । आइतबार राति सुरु भएको जात्रा आज बिहान सम्पन्न भएको हो।

त्यसैगरी, सूर्यविनायक नगरपालिका-१ दधिकोट र सिरुटारको सङ्गमस्थलमा रहेको प्रसिद्ध चरखण्डी मन्दिरमा आज बिहानदेखि दर्शनार्थीको घुइँचो लागेको छ। चरखण्डी महादेव मन्दिरको कुण्डमा नुहाएर महादेवको पूजा गरे शरीरका सबै रोग नाश भई गरेको काम सफल हुने जनविश्वास रहेको संस्कृतिविद् रत्न सायमीले बताउनुभयो।

किंवदन्तीअनुसार सिकारीले मारेको भँगेरा चरखण्डीको पोखरीमा डुब्दा दैवी शक्तिका कारण पुनः जीवित भएर उडेको भनाइ छ। यहाँको कुण्डमा नुहाए जीउमा खटिरा, दागलगायत छालासम्बन्धी रोगबाट मुक्ति मिल्ने बूढापाकाको भनाइ छ । आज यहाँको कुण्डमा स्नान गर्न बिहानैदेखि घुइँचो लागेको छ । मन्दिरमा आज बिहानदेखि तीनवटा खटसहितको खट जात्रा यहाँका विभिन्न क्षेत्रमा परिक्रमा गराई मनाइएको छ।

त्यसैगरी, दधिकोटको चित्रपुरस्थित पूर्ण विनायक गणेश र सिरुटारको गुप्तेश्वर महादेव मन्दिरमा गणेश जात्राको खट यात्रा गरी सिन्दूर खेल्दै टोलटोलमा देवता विराजमान गराइएको खट लगेर जात्रा मनाइएको छ । सिरुटारका बासिन्दाले खटलाई बोकेर सिरुटार, बालकोट परिक्रमा गराई जात्रा मनाएको सिरुटारका प्रकाश श्रेष्ठले जानकारी दिनुभयो । यहाँका बासिन्दाले गणेशको पूजा गरी बलि चढाएका छन्।रासस

# बन्दीपुरमा चितुवा आतङ्क : सावधानी अपनाउन आग्रह



दमौली । तनहुँको बन्दीपुर गाउँपालिका-२ कामीडाँडामा गत शुक्रबार राति चितुवाको आक्रमणबाट बालिकाको मृत्यु भएपछि चितुवा नियन्त्रणका लागि बाख्रा खोर राखिएको छ।

डिभिजन वन कार्यालय तनहुँले यस क्षेत्रको जङ्गलमा आइतबार बाख्रासहितको खोर राखेको हो । चितुवाको आक्रमणपश्चात् स्थानीयवासी त्रसित भएकाले चितुवा नियन्त्रणमा लिन अपरिहार्य भएको वडाध्यक्ष तिलकबहादुर कुँवरले बताउनुभयो । उहाँले भन्नुभयो, "चितुवाको आक्रमणपश्चात् स्थानीयवासी त्रसित छन्। कामीडाँडा वरपरका गाउँबस्तीमा चितुवा पटक-पटक देखिएको छ। साँझ र रातको समयमा सावधानी अपनाउन अपिल गरेका छौँ।"

चितुवाको आक्रमणबाट दश वर्षीया अनुजा विकको मृत्यु भएको थियो । फूपुदिदीको घरमा जाँदै गरेको बेलामा चितुवाको आक्रमणमा परेकी विकको शव जङ्गलमा भेटिएको थियो । डिभिजन वन कार्यालय तनहुँले घटनास्थल वरपर सबै सतर्क भई सुरक्षित रहन आग्रह गरेको छ। कार्यालयले चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन, एक्लै नहिँड्न आग्रह गरेको छ। त्यस्तै चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्ज्यालो बनाउने, झाडी सफा गर्न तथा बच्चा तथा वृद्धहरुको विशेष ख्याल र रेखदेख गर्न कार्यालयको अनुरोध छ।

तनहुँमा पछिल्लो केही वर्षयता चितुवाको आक्रमणबाट बालबालिकाको मृत्यु भएको छ । भानु, बन्दीपुर, आँबुखैरेनीमा चितुवाको आतङ्क छ। चितुवाको आक्रमणबाट पछिल्लो छ वर्षको अवधिमा १४ बालबालिकाले ज्यान गुमाएका छन् । चितुवाको आक्रमणबाट भानु नगरपालिका, शुक्लागण्डकी नगरपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिकामा बालबालिकाको मृत्यु भएको छ।

मृग, वन कुखुरालगायत वन्यजन्तु मानिसले शिकार गरिदिँदा वनमा शिकारको अभाव भई चितुवाले मानिसको शिकार गर्न थालेको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ । जङ्गल फँडानी गरेर बस्ती बसाल्ने, जङ्गली जनावर मारेर खाइदिने कारणले गर्दा र मानव र वन्यजन्तुबीच द्वन्द्व बढ्दो अवस्थामा रहेको सहायक वन अधिकृत काशीराज पण्डितले बताउनुभयो।रासस

# सतुवाइन पर्व मनाइयो

**टुडे समाचारदता**

जनकपुरधाम । मिथिला-मधेशका विभिन्न जिल्लामा सोमबार परम्परागत सतुवाइन पर्व श्रद्धा र भक्तिपूर्वक मनाइएको छ। नयाँ वर्षको दिन अर्थात् वैशाख १ गते पर्ने सो पर्व गर्मी मौसममा फल्ने नयाँ अन्न र फलफूललाई देवी-देवतामा अर्पण गरी मनाउने परम्परा रहेको छ।

सो दिन विहानै स्नान गरी देवी-देवताको पूजा गरेर सतुवा चढाइन्छ । सतुवाइन विशेषगरीधनुषा, महोत्तरी, सर्लाही, रौतहट, सिरहा, सप्तरी, पर्सा, बारालगायतका जिल्लाहरूमा व्यापक रूपमा मनाइएको छ।



सो पर्वको अवसरमा नयाँ जौँको सात्तु (सतुवा) बनाई गुड (मिठा) मिसाएर देवी-देवतामा अर्पण गरिन्छ । त्यसपछि सोही सतुवालाई प्रसादका रूपमा घरपरिवार र छिमेकीहरूलाई वितरण गर्ने चलन छ।

धनुषा जिल्लाकी ४५ वर्षीया संगीता देवी यादव भने, "यो पर्व हाम्रो संस्कृति र स्वास्थ्यसँग जोडिएको छ । चैत-वैशाखको गर्मीमा सतुवा खानु शरीरको लागि निकै लाभदायक हुन्छ ।" उनले सतुवा चिसो प्रकृतिको पेय भएकाले शरीरको तापक्रम सन्तुलनमा राख्न मद्दत गर्छ । "गर्मी शुरु भएसँगै हाम्रो भान्सामा सधैँ सतुवा तयार राखिन्छ," संगीता देवीले बताइन्।

सामान्यतया देवी-देवतामा जौँको सतुवा मात्र अर्पण गरिए पनि, सर्वसाधारणले चना, गहुँ, मकै, जौँ, चामल लगायतका अन्नको मिश्रणबाट बनाइएको सतुवा पानीमा घोली, स्वादअनुसार गुड, चिनी वा नुन मिसाएर खाने गरिन्छ।

मिथिला-मधेशमा गर्मी बढेसंगै विहान घरबाट बाहिर निस्कनुअघि सतुवा खाएर जानु सामान्य अभ्यास बन्न गएको छ।

सो सन्दर्भमा संस्कृतिकविद् परमेश्वर कापरी भन्छन्, "सतुवा स्वास्थ्यका दृष्टिले पनि अति उपयोगी मानिन्छ। यसमा आवश्यक भिटामिन र पोषक तत्व पाइन्छ।" उनले सतुवाइन पर्व संस्कृति, प्रकृति र परम्परागत जीवनशैलीसँग जोडिएको पर्व रहेको बताए।

उनले सतुवाइनको भोलिपल्ट मनाइने जुडशीतल पर्वमा विभिन्न परिकार–विशेषगरी तरकारीका तारेका परिकार (तरुवा) खाने चलन छ।

सो दिनको भारी खानालाई सुपाच्य बनाउन अघिल्लो दिन सतुवा जस्तो हल्का र स्वास्थ्यवर्धक परिकार सेवन गर्ने परम्परा विकास भएको छ।

# प्रधानमन्त्री ओलीमाथि खनिए उपेन्द्र

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव नयाँ वर्षको आरम्भसंगै प्रधानमन्त्री केपी शर्मा ओली माथि संघीयता धरापमा पार्न खोजेको भन्दै आक्रोश पोखेका छन्। पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले सोमबार सामाजिक संजाल फेसबुकमा स्टेटस लेख्दै प्रधानमन्त्रीको हैसियतमा मधेश प्रदेशको प्रदेशसभामा गर्दै आएको सम्बोधन प्रति कटाक्ष गर्दै आक्रोशित भएका छन्।



उनले प्रदेशसभाको सदस्य नभएका व्यक्ति प्रधानमन्त्रीको हैसियतले सम्बोधन गर्ने चलन अन्य मुलुकमा कतै नरहेको उल्लेख गर्दै अध्यक्ष यादवले ओलीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको उपहास गरेको आरोप लगाए। उनले संघीयतालाई कार्यान्वयन नै नगर्ने, प्रदेशलाई अधिकार, श्रोतसाधन र जनशक्तिविहीन र कमजोर पार्दै, अन्त्यमा संघीय गणतन्त्रलाई नै समाप्त गर्ने षड्यन्त्र हो भन्ने सशंय उत्पन्न गरेका छन्।

> "प्रदेशसभाको सदस्य नै न भएको ब्यक्ति, केवल प्रधानमन्त्रीको हैसियतले मात्र प्रदेश सभाहरुलाई सम्बोधन गर्ने चलन र परम्परा कुनै पनि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ब्यवस्था भएको मुलुकमा देखिदैन ।

उनले सामाजिक संजालमा लेखेका छन्, 'प्रदेशसभाको सदस्य नै न भएको ब्यक्ति, केवल प्रधानमन्त्रीको हैसियतले मात्र प्रदेश सभाहरुलाई सम्बोधन गर्ने चलन र परम्परा कुनै पनि सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक ब्यवस्था भएको मुलुकमा देखिदैन । सङ्घीय संसदमा अन्य मुलुकबाट आएका सम्माननीय राजकीय अतिथिले सरकार र सभामुख को अनुमतिप्राप्त भए पछि मात्र विशेष सम्बोधन गर्ने चलन रहेका छन् । नेपालको प्रधानमन्त्री प्रदेशसभाहरुमा गई सम्बोधन गर्नु सङ्घीय गणतन्त्र कै उपेक्षा ,उपहास र अवमुल्यन गर्नु हो । सङ्घीयतालाई कार्यान्वयन नै न गर्ने , प्रदेशलाई अधिकार, श्रोतसाधन र जनशक्ति बिहीन र कमजोर पार्दै, अन्त्यमा सङ्घीय गणतन्त्रलाई नै समाप्त गर्ने षड् यन्त्र हो की ? अज्ञानता हो या सत्ताको दम्भ हो ? सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मुल्य, मान्यता , सिद्धान्त र आदर्श विपरित कार्य किन ? सम्बोधन को उद्देश्य के हो ?'

उनले अघि भनेका छन ,' नेपालको प्रधानमन्त्री प्रदेशसभाहरुमा गई सम्बोधन गर्नु सङ्घीय गणतन्त्र कै उपेक्षा, उपहास र अवमुल्यन गर्नु हो । सङ्घीयतालाई कार्यन्वन नै न गर्ने , प्रदेसलाई अधिकार, श्रोतसाधन र जनशक्ति बिहीन र कमजोर पार्दै, अन्त्यमा सङ्घीय गणतन्त्रलाई नै समाप्त गर्ने षड्यन्त्र हो की ? अज्ञानता हो या सत्ताको दम्भ हो ? सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मुल्य, मान्यता , सिद्धान्त र आदर्श विपरित कार्य किन ? यो सम्बोधन को उद्देश्य के हो ? '

नयाँ वर्षको शुभारम्भ संगै अध्यक्ष यादवले समाजिक संजालमा प्रधानमन्त्री ओली माथि संघीयता नै समाप्त गर्ने षडयन्त्र गरेको हो की भनि प्रश्न खडा गर्नुले राजनीतिक वृत एका विहानै देख तरंगित भएको छ। वर्तमान सरकार प्रति रुष्ट रहे पनि सरकारलाई दिएको समर्थन कायम राखेका अध्यक्ष यादवले सरकारलाई दिएको समर्थन फिर्ता लिन लागेका हुन की ? भने चर्चा हुन थालेको छ।

सरकार विरुद्ध पूर्व प्रधानमन्त्री एवं प्रतिपक्षी दलका नेता पुष्पकमल दहाल प्रचण्डले सरकारलाई ढल्ने दिएको अभिव्यक्ति, सरकार प्रति काँग्रेस भित्रको चरम असन्तुष्टि र उपेन्द्र यादवको समाजिक संजालको अभिव्यक्तिलाई राजनीतिक विज्ञहरुले जोडेर हेर्न थालेका छन्।

# पूर्व वडाअध्यक्ष यादव पक्राउ

**टुडे समाचारदता**

जनकपुरधाम । महोत्तरी जिल्लाको सोनमा गाउँपालिकाका पूर्ववडाध्यक्ष राजदेव यादवलाई प्रहरीले सोमबार पक्राउ गरेको छ।

सोनमा गाउँपालिकाको वडा नम्बर ८ का पूर्ववडाध्यक्ष राजदेव यादवलाई ज्यान मार्ने मुद्दामा पक्राउ गरिएको महोत्तरी प्रहरीले जनाएको छ। सिंग्हासिनी घर भएका यादवमाथि आत्महत्या दुरुत्साहनको अभियोगमा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

उच्च अदालत जनकपुरधामले यादवलाई आत्महत्या दुरुत्साहनको मुद्दामा पक्राउ गर्न परमादेश जारी गरेको बताइएको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता समेत रहेका डीएसपी सन्तु जयसवारले जनाए अनुसार गौशाला प्रहरीले यादवलाई पक्राउ गरेको हो।

२०८० असार ३० गते गोविन्द महतोले आत्महत्या गरेका थिए । मृतक महतोकी आमाले यादवामथि किटानी जाहेरी दिन चाहेकी थिइन्। तर जिल्ला प्रहरी कार्यालय महोत्तरीले यादवमाथि मुद्दा दर्ता गर्न अस्वीकार गरेपछि मृतककी आमाले उच्च अदालत जनकपुरधामलाई गुहारेका थिए। उच्च अदालतले परमादेश मार्फत सो मुद्दा दर्ता गर्न जिल्ला प्रहरी महोत्तरीलाई निर्देशन दिएको छ। त्यसपछि इलाका प्रहरी कार्यालय गौशालाले यादवलाई सोमवार पक्राउ गरेको हो।

यादव नेकपा एमालेका कार्यकर्ता रहेको बताइन्छ।

# खैरो हेरोइनसहित एकजना पक्राउ

**टुडे समाचारदाता**

लहान । सिरहा प्रहरीले लहान नगरपालिका-७ बाट लागूऔषध खैरो हेरोइनसहित एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सप्तरीको सुरुंगा नगरपालिका-९ का २९ वर्षीय अक्षय कुमार यादव रहेका छन्।

आरोपीको साथबाट ६ ग्राम ३० मिलिग्राम खैरो हेरोइन बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाका डीएसपी वीरेन्द्रकुमार पासवानले जानकारी दिए।

लागूऔषध सहित पक्राउ परेका आरोपी यादव मधेश प्रदेश-०१-००१ ह १८३२ नम्बरको सिटि रिक्सा चालक हुन् । उनले रिक्सामा राखेर लागूऔषध लैजाँदै गरेको अवस्थामाा पक्राउ परेको उनले बताए।

# फूलबारीमा भक्तजनको घुइँचो

**टुडे समाचारदाता**

लहान । नयाँवर्षको दिन फूल्ने माला आकारका सुनाखरी फूल हेर्न र मन्दिरमा पूजापाठ गर्न सिराहाको लहानस्थित पर्यटकीय क्षेत्र सलहेश फूलबारीमा सोमबार मेला लागेको छ।

नयाँ वर्षको अवसरमा प्रत्येक वर्ष वैशाख १ गते लाग्ने मेलामा यसवर्ष पनि बिहानैदेखि हजारौँ भक्तजनको घुइँचो लागेको छ। जिल्लाको लहान नगरपालिका-१२ र २२ मा पर्ने यस फूलबारी परिसरको सलहेशको मन्दिरअगाडि रहेको हारमको रुखमा यसवर्ष पनि सुनाखरी फूल फुलेको मेला समितिका अध्यक्ष जयकान्त चौधरीले जानकारी दिए।



उनले करिब नौ बिघा क्षेत्रफलमा फैलिएको यस फूलबारीमा मेला भर्न नेपाल तथा भारतका विभिन्न राज्यबाट हजारौँ श्रद्धालु पूजापाठ गर्ने गरेको बताए।

भक्तजनको भीड व्यवस्थित गर्न स्थानीय प्रहरी प्रशासनसँग समन्वय गरी सुरक्षा व्यवस्थापन चुस्त गरिएको अध्यक्ष चौधरीले जानकारी दिए।

उनले भने,"मेलालाई व्यवस्थित बनाउन स्वयंसेवक खटाउने, व्यापारिक 'स्टल' बनाउने र सहज रुपमा श्रद्धालुलाई पूजास्थलसम्म पुग्ने प्रबन्ध गरिएको छ। मेलालाई व्यवस्थित गर्न सयजना स्वयंसेवक खटाइएको छ, भने भीडलाई व्यवस्थित गर्न स्थानीय प्रहरी प्रशासनसँग समन्वय गरिएको छ।"

सलेहश गाथामा उल्लेख गरिएअनुसार सिरहाको महिसोथामा जन्मिएका लोक नायक सलहेश फूल टिप्ने र प्रणयस्थलको रुपमा यो फूलबारी रहेको मानिन्छ । आफ्नो क्षेत्रमा लोक नायकको रुपमा पुजिने राजा सलहेश र प्रेमिका मालिनीको प्रेम प्रतीकको रुपमा लिइने सुनाखरी फूलको माला हेर्न मानिसको भीड लाग्ने गरेको मन्दिरका पुजारी जीतेन्द्रसिंह धामीले बताए । १४औं शताब्दीका राजा सलहेसको शौर्य, पराक्रम, वीरता, साहस र प्रेमसँग गाँसिएका गाथाको सम्झनास्वरुप यहाँ प्रत्येक वर्ष वैशाख १ गते मेला आयोजना हुने गरेको छ।

राजा सलहेश तराईका पासवान जातिको इष्टदेव रहेको र चौधौँ शताब्दीका लोकनायक भएकाले सलहेशको पूजाअर्चना गर्नाले सन्तान प्राप्ति, चर्मरोग, कुष्ठरोगलगायतका समस्या हरण हुने जनविश्वाससमेत छ।

नेपाल सरकारले यस क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न नयाँ पर्यटकीय गन्तव्यको सूचीमा समावेश गरिसकेको छ। तर पर्यटकको संख्यामा वृद्धि र ऐतिहासिक पर्यटन गतिविधिलाई विकास गरी यसबाट अपेक्षित लाभ लिन भने नसकिएको स्थानीय वीरेन्द्र चौधरीले बताए।

त्यसैगरी स्थानीय, प्रदेश तथा नेपाल सरकार र यस क्षेत्रमा क्रियाशील सरोकारवाला संघ संस्थाले फूलबारी व्यवस्थापनका लागि एकीकृत गुरुयोजना बनाएर काम गर्नसके आन्तरिक एवं बाह्य पर्यटकलाई आकर्षित गरी व्यापारिक तथा धार्मिक दृष्टिले समुचित लाभ लिन सकिने भएकाले यस क्षेत्रमा उचित ध्यान दिनुपर्ने उद्योग वाणिज्य सङ्घ सिरहाका अध्यक्ष विकास सारडाको कथन छ।

यस ऐतिहासिक धार्मिक क्षेत्रको संरक्षण र संवर्द्धनका लागि नेपाली सेनाले महत्वपूर्ण योगदान दिएको छ । राजा सलहेशहको इतिहास शिलालेखमा उतार्नुका साथै पैदलमार्ग नेपाली सेनाले बनाइदिएको छ।

त्यस्तै फूलबारी परिसरमा दुई शौचालय, चार स्थानमा खानेपानीको धारा र फोहर संकलनको लागि 'डस्टबिन'को व्यवस्थापन गरेको छ, तर सो व्यवस्थापन भक्तजनका लागि अपर्याप्त नभएको गुनासो रहेको छ।

# बुक लिस्ट सार्वजनिकप्रति महासंघ गम्भीर

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ धनुषाले जनकपुरधाम उपमहानगरपालिकाले बुक लिस्ट सार्वजनिक गरी नयाँ ढंगले सिन्डिकेट लाद्न खोजेको भन्दै घोर भर्त्सना गरेको छ।

जनकपुरधाममा सोमबार बसेको बैठकबाट महासंघले केही व्यक्तिहरुले आर्थिक चलखेल गरी अपारदर्शी तरिकाले नयाँ ढंगले सिन्डिकेट लाद्न चाहेको प्रति ध्यानाकर्षण गराएको भन्दै आपत्ति जनाएको छ छ।

सो महासंघले बुक लिस्ट सार्वजनिक गरेकोमा नेपाल सरकारको नियम विपरीत पाठ्यपुस्तक लागु गरेको हुनाले सम्पूर्ण पुस्तक विक्रेता, अभिभावक, विद्यार्थी तथा संस्थागत विद्यालय मारमा परेको हुनाले घोर भर्त्सना गरेको जनाएको छ।

# भारतीय मिडियाको हस्तक्षेपप्रति कांग्रेसको आपत्ति



**टुडे समाचारदाता**

वीरगञ्ज । भारतीय मिडियाले नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्दै पूर्वराजाको पक्षमा प्रचारबाजी गरेको आरोप नेपाली कांग्रेसले लगाएको छ।

नेपाली कांग्रेसका नेताहरूले पर्सा जिल्ला प्रशासन कार्यालयमार्फत ज्ञापन पत्र बुझाउँदै आपत्ति जनाएका छन् । कांग्रेसका नेताहरूले भारतीय मिडियामाथि प्रतिबन्धको माग गर्दै प्रशासनमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ज्ञापनपत्र बुझाएका छन्।

उनीहरुले भारतीय मिडियाको गतिविधिले समाजमा भ्रम, उत्तेजना र द्वन्द्व सिर्जना गर्ने प्रयास गरेको आरोप लगाउँदै यस्तो संवेदनशील विषयमा राज्य संयन्त्र मौन बस्नु राष्ट्रिय स्वाभिमानविरुद्ध हुने चेतावनीसमेत दिएका छन् । उनीहरूले लोकतान्त्रिक मूल्य, प्रेस स्वतन्त्रता र राष्ट्रिय अखण्डताको रक्षा गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै सरकारले तत्काल ठोस र कूटनीतिक कदम चाल्नुपर्ने माग गरेका छन्।

हालै पर्सामा सम्पन्न हनुमान जयन्तीको शोभा यात्राका क्रममा उत्पन्न तनावपूर्ण घटनाले पनि कांग्रेसको ध्यानाकर्षण गराएको छ। सो घटनालाई लिएर कांग्रेसले शान्तिपूर्ण सहअस्तित्वमा खलल पुग्ने कार्य भएको बताउँदै त्यसमा संलग्न व्यक्तिहरूमाथि आवश्यक कानूनी कारबाही गर्न प्रशासनसंग माग गरेको छ।

उनीहरुले कुनै पनि बाह्य शक्तिको हस्तक्षेप नेपालको भूराजनीतिक संवेदनशीलता र आन्तरिक स्थायित्वका लागि खतरनाक हुन सक्छ । यस्ता क्रियाकलापप्रति सम्पूर्ण नेपाली एकजुट भई प्रतिकार गर्नुपर्ने आवश्यकता रहेको भन्दै उनीहरूले राष्ट्रिय स्वाधीनताको पक्षमा दृढ प्रतिवद्धता जनाएका छन्।


## स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं

- हाम्रो मौलिक उत्पादन पहिचानमात्र होइन आय-आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिवृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं,
- स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- हस्तकला लगायतका व्यवसाय सानो पूर्जीमा पनि थालनी गर्न सकिन्छ,
- स्वदेशी उत्पादनबाट आत्मनिर्भर बनौं,
- आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं,

अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Under the Management of J.E.F Pvt. Ltd

## SIDDHARTHA SHISHU SADAN
### BOARDING SECONDARY SCHOOL
Janakpurdham-01

नववर्ष २०८२ को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीवर्ग, नगरवासी तथा शुभचिन्तकहरुमा यहाँहरुको उत्तरोत्तर प्रगति तथा सु-स्वास्थ्यको लागि हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछौं।

४३ वर्षको गरिमामय शैक्षिक इतिहास पूरागरी ४४ औं वर्षमा प्रवेश गरेको यस सिद्धार्थ शिशु सदनले "एक नारी शिक्षित भए परिवार नै शिक्षित हुने" मान्यतालाई मध्यनजर गर्दै यस शैक्षिक सत्र २०८२ मा पनि विगत् झैं छात्राहरुको नामांकन शुल्कमा ५०% छुटको व्यवस्था गरिएको सहर्ष जानकारी गराइन्छ।

### शैक्षिक सत्र २०८२ भर्ना सम्बन्धि सूचना

१. नर्सरी देखि कक्षा ९ सम्म सिमिट सिटको लागि मात्र नयाँ भर्ना लिइनेछ।
२. प्रवेश परीक्षाको फारम वितरण : मिति २०८१-१२-२५ गते सोमवार देखि
३. प्रवेश परीक्षाको किसिम
   (क) नर्सरी देखि कक्षा ५ सम्म - मौखिक मात्र
   (ख) कक्षा ६ देखि कक्षा ९ सम्म - लिखित र मौखिक दुवै।
४. प्रवेश परीक्षा मिति :- २०८२-०१-०४ गते विहिवार
   (क) पहिलो सत्र (First Shift) :- विहान ८ वजे देखि ११ वजे सम्म
   (ख) दोश्रो सत्र (Second Shift) :- दिउँसो १ वजे देखि ४ वजे सम्म
५. प्रवेश परीक्षाको नतिजा (Result) प्रकाशन :- मिति २०८२-०१-०५ बिहान ८ वजे
६. नामाङ्कन प्रारम्भ :- मिति २०८२-०१-०५ गते विहान ८ वजे देखि

विस्तृत जानकारीका लागि अभिभावक स्वयंले विद्यालयको समयमा वा कार्यालयको फोन नं. ९८५४०२६५६५/९८४४२६०९६९/ ९८०४८९०१८१/ ९८५४०२८७७२ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

यातायातको सुविधा
जनकपुरधाम नगरपालिका भित्र तथा नगरबाहिर महेन्द्रनगर, पर्सा ,पिपरा, भोइल, तेतरीया, थुमौना, कुर्था सम्म

प्राचार्य
सिद्धार्थ शिशु सदन
भानुचौक, जनकपुरधाम–१
Ph.no.: 041-041-522969, 525064,
Mob. 9801622969, 9801674658


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८